
# लेखापरीक्षण प्रतिवेदन

# रोल्पा

## २०७२।७३




# महालेखापरीक्षकको कार्यालय

## काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| ३.१. | खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय | ३ |
| ३.२. | जिल्ला विकास समितिको कार्यालय | ४ |
| ३.३. | जिल्ला शिक्षा कार्यालय | १२ |
| ३.४. | जिल्ला स्वास्थ्य कार्यालय | १५ |
| ३.५. | दुर्गम क्षेत्र विकास समिति | १८ |
| ३.६. | महिला तथा बालबालिका कार्यालय | १९ |
| ३.७. | शहरी विकास तथा भवन निर्माण डिभिजन | १९ |
| ३.८. | शहिदमार्ग सडक योजना | २२ |
| ३.९. | सिंचाइ बिकास डिभिजन कार्यालय | २४ |
| ३.१०. | स्थानीय विकास कोषको सचिवालय | २९ |
| ४. | आन्तरिक लेखापरीक्षण | ३० |
| अनुसूची १ : लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | | ३१ |
| अनुसूची २ : बेरुजूको स्थिति | | ३२ |
| अनुसूची ३ : जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण | | ३३ |
| अनुसूची ४ : जिम्मेवार पदाधिकारीको नामावली | | ३४ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था** : संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ । संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **पद्धति** : संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम १० कार्यालयको विस्तृत र २६ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण :** यस जिल्ला स्थित ३६ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.३ अर्ब ८१ करोड ३६ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ ।

२. **बेरुजू :** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ ।

यस वर्ष १६ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा २२९ र रु.२३ करोड ६५ लाख ७२ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो । प्रतिवेदन अबधिसम्म १२ कार्यालयको प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन भएका ६७ दफा र रु. १२ लाख ५९ हजार मिलान गरी १६ कार्यालयको दफा १६४ र रु.२३ करोड ५३ लाख १३ हजार बेरुजू बाँकी रहेको छ । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिकृयाबाट फछ्र्यौट एवं समायोजन गरी बाँकी दफा संख्या कायम गरिएको छ । लेखापरीक्षणको क्रममा रु.९ लाख १४ हजार र प्रतिक्रियाबाट रु.१ लाख २९ समेत रु.१० लाख ४३ हजार असुल भएको छ ।

बाँकीबेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु. १ करोड ६६ लाख ९९ हजार, अनियमित रु. १२ करोड २३ लाख ६५ हजार र पेश्की रु.९ करोड ६२ लाख ४९ हजार रहेको छ । यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ ।

३. **सुझाव :** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो । प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ । बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ । तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ।  प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा आन्तरिक कार्यविधि तयार गरी कार्य प्रकृयालाई व्यवस्थित गर्न ऐन नियम पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित बनाउनु पर्नेमा कार्यालयले खरिद योजना, कार्य सम्पन्न प्रतिबेदन, कार्य बिबरण, नापि किताब तथा जिन्सी व्यवस्थापन सम्बन्धी कार्य कानून बमोजिम प्रभाबकारी रुपमा गरेको छैन ।

२. **आषाढ महिनाको खर्च** : कार्यालयलाई प्रदान गरिएको वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार प्रथम, दोस्रो तथा तेस्रो तीन वटै चौमासिकमा सञ्चालन गरिने कार्यक्रम/क्रियाकलाप तथा सोका लागि बजेट खर्चको सीमा निर्धारण गरिएकोमा कार्यालयले असार महिनामा मात्र कुल खर्च रु ८ करोड ३४ लाख ९० हजार को ४८ प्रतिशत अर्थात रु ३ करोड ९७ लाख ३४ हजार खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक मात्रामा कार्य सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दीगोपनामा समेत असर पर्ने देखिन्छ ।

३. **कन्टिजेन्सी खर्च** : कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७)अनुसार अनुसूची–१ मा उल्लिखित व्यवस्था बाहेक अन्य कुनै आधार देखिँदैन । उक्त अनुसूची मा वर्क चार्ज खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत हुने उल्लेख छ । उल्लिखित खर्चहरुमा समावेश हुने खर्चका सम्वन्धमा ऐन, नियममा स्पष्ट उल्लेख छैन साथै यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । तसर्थ कन्टिन्जेन्सीमा खर्च भएको रु ३८ लाख ९० हजार कानुन बमोजिम भए नभएको यकिन गर्न सकिएन ।

४. **प्रगति स्थिति** : हरेक आयोजना सम्पन्न गर्न लाग्ने अवधि तथा लागतको आधारमा वार्षिक लक्ष्य निर्धारण गरी आवश्यक स्रोतको सुनिस्चितता पश्चात् आयोजना सञ्चालन गरिनु पर्दछ । यस डिभिजन कार्यालय अन्तरगत सम्भाव्यता अध्ययन भई सञ्चालित २०६८/०६९ भन्दा अगाडि सुरु भएका खानेपानी आयोजनाहरुको सम्पन्न गर्ने अवधि, कूल लागत तथा वार्षिक लक्ष्य निर्धारण एवं बजेट विनियोजन बीच सामाञ्जस्यता रहेको देखिएन । आगामी २०७३/०७४ मा सम्पन्न गर्ने लक्ष्य राखिएको ओत खानेपानी आयोजनाको हालसम्मको भौतिक प्रगति ७८.८१ प्रतिशत मात्र देखिएको र २०७४/०७५ मा सम्पन्न गर्ने लक्ष्य राखिएको होलेरी खानेपानी आयोजनाको प्रगति ८.४८ प्रतिशत मात्र रहेकोले तोकिएको अवधिमा सम्पन्न हुन सक्ने देखिदैन ।

५. **पाईप खरीद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५ अनुसार एच.डि.पि. तथा जि. आई. पाईप खरिदको बोलपत्र आव्हान गर्दा बोलपत्रदाता आफैंले एच.डि.पि. पाईप उत्पादन नगर्ने भएमा नेपाल गुणस्तर चिन्ह प्राप्त उत्पादकले बोलपत्र बमोजिम मालसामान आपूर्ति गर्ने सम्बन्धी अधिकार आफूलाई एकलौटी रुपमा रितपूर्वक प्रदान गरेको कुरा प्रमाणित गर्ने कागजात पेश गर्नुपर्ने शर्तका कारण यस वर्ष ११ प्याकेजको कुल लागत अनुमान रु.२ करोड १ लाख २५ हजार भएकोमा रु.१ करोड ८८ लाख ७० हजारमा खरिद भई औसतमा लागत अनुमान भन्दा ६.२३ प्रतिशतमात्र घटीमा खरिद भएको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ बमोजिम कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको देखिएमा त्यस्तो बोलपत्र रद्द गर्न सकिनेतर्फ जिम्मेवार पदाधिकारीले ध्यान दिनुपर्दछ ।

६. **गुणस्तर परीक्षण :** एच्.डी.पी.पाइप र जि.आई. पाइप तथा फिटिङ्स खरिद सम्बन्धी आपूर्तिकर्तासँग भएको सम्झौताको जनरल कण्डिशन अफ कन्ट्रयाक्टको बुँदा नं. ८ तथा टेक्निकल स्पेसिफिकेशनको बुँदा नं. २.१.४ अनुसार आपूर्ति कर्ताले हरेक कन्साइन्मेण्ट (लट) पिच्छे गुणस्तर परीक्षण गरेको प्रमाणपत्र उपलब्ध गराउनुपर्ने प्रावधान रहेकोमा एच.डि.पि. पाइपको गुणस्तर परीक्षण प्रतिवेदन पेश गरेको देखिए तापनि टेक्निकल स्पेसिफिकेशनको बुँदा नं. २.१.५ अनुसार कार्यालले स्वतन्त्र परीक्षण समेत गराउन सक्ने व्यवस्था रहेकोमा सो परीक्षण नगराएको र जि.आई. पाइप तथा फिटिङ्स खरिद गर्दा सम्झौता अनुरुपको दुवै परीक्षण गराएको देखिएन ।

७. **वारेण्टी :** पाइप तथा फिटिङ्स खरिद सम्बन्धी आपूर्तिकर्तासँग भएको सम्झौताको जनरल कण्डिशन अफ कन्ट्रयाक्टको बुँदा नं. १५ मा आपूर्तिकर्ताले आपूर्ति गरेका पाइपहरु नयाँ, प्रयोग नगरिएका, नविन मोडेल का तथा पाइपको डिजाइन तथा सामग्रीमा पछिल्ला सबै सुधारहरु इन्कर्पोरेट गरिएको छ भनी वारेण्टी दिनुपर्ने व्यवस्था रहेकोमा त्यस्तो वारेण्टी प्राप्त गरेको देखिएन ।

८. **सोझै खरीद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बिपरीत रु.१४ लाख ६६ हजार ६२७ को जि.आई पाईप तथा फिटिङ्स सामग्री सोझै खरिद गरेको छ । आषाढ महिनामा थप बजेट प्राप्त भएको कारण सोझै खरिद गर्नुपरेको कार्यालयले जनाएको छ । समयमै अख्तियारी प्रदान गरी प्रतिस्पर्धात्मक मुल्यमा खरिद व्यवस्थापन गरिनुपर्दछ ।

९. **अधिक मौज्दात** : नेपाल सरकार (सचिवस्तर) को २०६२।११।८ को निर्णय तथा खानेपानी तथा ढल निकास विभागको २०६३।१।३ को परिपत्रानुसार पाइप तथा फिटिङ्स/औजार खरिद गर्ने सम्बन्धमा गत विगतको मौज्दातको ख्याल गरी सोको उपयोग गर्ने तथा अत्यावश्यक भएमा मात्र खरिद गर्नुपर्ने व्यहोरा उल्लेख छ। कार्यालयले जिल्लामा संचालित खानेपानी आयोजनाहरुका लागि पाइप तथा फिटिङ्स खरिद गर्दा स्वीकृत वार्षिक कार्यक्रममा उल्लिखित परिमाण भन्दा बढी खरिद गर्ने साथै पुरानो मौज्दातलाई ध्यान नदिई पुनः मौज्दातमा रहने गरी खरिद गर्ने गरेको पाइयो । प्राप्त विवरण अनुसार यस वर्ष विभिन्न साइजका १७ योजनामा रु.१० लाख ९५ हजार ५१९ मूल्यका पाइप मौज्दातमा रहेको देखियो । स्वीकृत वार्षिक कार्यक्रमसंग सामञ्जस्य नहुने गरी अधिक मौज्दात राखेको उचित देखिएन ।

१०. **जनसहभागिता :** स्वीकृत वार्षिक कार्यक्रम अनुसार मर्मत, सम्भार कार्य गराउँदा जनसहभागिता समेतको अंश लिनुपर्नेमा कार्यालयले नगद भुक्तानी गरिने कार्यको मात्र लागत अनुमान तयार गरी सो अनुसार कार्य गराई भुक्तानी गरेको पाइयो । खानेपानी आयोजनाहरुको कार्य गराउँदा स्वीकृत कार्यक्रम तथा विभागीय नीति अनुसार लिनुपर्ने जनश्रमदान समेतको कूल लागत अनुमान तयार गरी सोही बमोजिम उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराउनुपर्ने र जनसहभागिताबाट भएको कामको नापजाँच गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा सो अनुसार गर्ने गरेको नपाइएकोले यसतर्फ कार्यालयले ध्यान पुऱ्याउनुपर्दछ ।

११. **धरौटी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६६ र ६७ वमोजिम गत बिगत बर्ष देखिको तथा नाम नखुलेको धरौटी रु. ८१ हजार ०१४ सदरस्याहा गर्नु पर्ने देखियो ।

## जिल्ला विकास समितिको कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ बमोजिम आन्तरिक कार्यविधि तयार गरी कार्य प्रकृयालाई व्यवस्थित गर्न ऐन नियम पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित बनाउनुपर्नेमा कार्यालयले खरिद योजना, कार्य सम्पन्न प्रतिवेदन, कार्य विवरण,

नापि किताब, जिन्सी व्यवस्थापन तथा बिल भरपाई प्रमाणिकरण सम्बन्धी कार्य कानुन बमोजिम प्रभाबकारी रुपमा गरेको छैन ।

२. **आन्तरिक लेखापरीक्षण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८ अनुसार गठित आन्तरिक लेखापरीक्षण शाखाले जिल्ला विकास समिति र गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण मासिकरुपमा गर्ने व्यवस्था छ । सो शाखाले कार्यालयको कारोबारको नियमित रुपमा आन्तरिक लेखापरीक्षण नगरी वर्षको अन्त्यमा मात्र गर्ने गरेको छ । कार्यालय अन्तर्गतका विषयगत कार्यालय र गाउँ विकास समितिको पनि मासिक रुपमा लेखापरीक्षण गरेको देखिएन । तोकिएअनुसार आन्तरिक लेखापरीक्षण नियमित रुपमा गराई आन्तरिक नियन्त्रण प्रणाली भरपर्दो बनाउनुपर्दछ ।

३. **उपभोक्ता समितिको श्रेस्ता** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ दफा ५१ बमोजिम उपभोक्ता समितिले लेखा दुरुस्त राखे नराखेको सम्बन्धमा अनुगमन गरेको देखिएन ।

४. **बेरुजू लगत र सम्परीक्षण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८ मा गाउँ विकास समितिको बेरुजू लगत समय समयमा निरीक्षण गरी नियमावली अनुसार फछ्र्यौट भएको बेरुजूको सम्परीक्षण गरी दिने र असुलउपर गर्न बाँकी बेरुजू सम्बन्धमा असुल गर्न लगाउने उल्लेख छ । कार्यालयको आन्तरिक लेखापरीक्षण शाखाले गाउँ विकास समितिहरुको २०७२।७३ सम्मको अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुगमन गरी सम्परीक्षण गरेको छैन । खर्चको नियमितता र पारदर्शिता बनाउन समयमै सम्परीक्षण गराउनुपर्दछ ।

५. **कम लागतका आयोजनाः** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ११ मा जिल्ला विकास समितिको कार्यालयले आर्थिक, सामाजिक एवं भौतिक पूर्वाधार विकास अन्तरगत विनियोजन भएको पूंजीगत अनुदानबाट रु.५ लाखभन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नसक्ने व्यवस्था छ । कार्यालयले यो वर्ष पूँजीगत शीर्षकबाट रु.५ लाखभन्दा कम लागतका ८६ आयोजना छनौट तथा सञ्चालन गरी रु.२ करोड ३० लाख ३९ हजार खर्च गरेको पाइयो । कार्यविधिको पालना नगर्नेलाई जिम्मेवार बनाइनुपर्दछ ।

६. **आन्तरिक आय** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५, २१६, २१७ र २१८ मा जिल्ला विकास समितिले कर, दस्तुर, सेवा शुल्क र विक्रीबाट आय आर्जन गर्न सक्ने व्यवस्था छ । ऐनमा भएको उक्त व्यवस्थाअनुसार कार्यालयले यो वर्ष सटर भाडा, कर, दस्तुर, सेवा शुल्क, विक्रीबाट रु. ३२ लाख २१ हजार आम्दानी गरेको छ ।

७. **असुली** : कार्यालयले ७ आय ठेक्काका व्यवसायीहरुबाट रु.२ लाख ९० हजार सेवा शुल्क, कर दस्तुर र बिक्री बापतको रकम असुल नगरेकोले असुल गर्नु पर्दछ ।

८. **परिमाण नियन्त्रण** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१८ बमोजिम परिमाण नियन्त्रण नगरी ढुँगा, बालुवा, गिट्टी आदि प्राकृतिक स्रोतको विक्री गरेको छ ।

९. **सीमा नघाई खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ बिपरीत करार तथा अस्थायी कर्मचारीहरुको तलब लगायत प्रशासनिक कार्यमा तोकिएको सीमाभन्दा रु ३ लाख ७९ हजार २८४ बढी खर्च गरेको देखियो ।

१०. **बिल भरपाई** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न व्यक्ति, फर्म र निकायहरुलाई खर्चको बिल भरपाई वेगर रु ८३ हजार २९७ भुक्तानी गरेको छ । उक्त खर्चका सम्बन्धमा छानबिन गरी कारबाही गर्नु पर्दछ ।

११. **संस्था दर्ता** : संस्था दर्ता ऐन, २०३४ अनुसार जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको संस्थासँग सम्झौता गरी कार्य गर्नुपर्नेमा कार्यालयले उक्त ऐन अनुसार दर्ता नभएको एक जनाअधिकार मञ्चलाई लागत अनुमान समेत तयार नगरी भुक्तानी भएको रु.२ लाख अनियमित देखियो ।

१२. **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावलीको नियम २० मा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिभित्र सम्पन्न गर्नुपर्नेमा तोकिए बमोजिम पहिलो चौमासिकमा कुनै ठेक्का व्यवस्थापन गरेको देखिएन ।

१३. **सोधभर्ना** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३५ मा खर्च गर्ने अधिकारीले स्वीकृत कार्यक्रम र अख्तियारीको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जिल्ला विकास समिति कोष राजस्व बाँडफाँड शीर्षकबाट सोधभर्ना लिने गरी एक क्याम्पस भवन निर्माण कार्यको लागि रु.२२,१६,०३५।- सापटी जनाई विगत वर्ष खर्च लेखेकोमा उक्त रकम सोधभर्ना नलिएको भनी गत वर्ष लेखापरीक्षण प्रतिवेदनमा समेत औल्याइएकोमा हालसम्म पनि सोधभर्ना फिर्ता लिई हिसाब मिलान गरिएको देखिएन ।

१४. **चौमासिक खर्च :** कार्यालयको विभिन्न २२ शीर्षकमा कूल खर्च रु.२९ करोड ९१ लाख १० हजारमध्ये प्रथम चौमासिकमा रु.४ लाख ६६ हजार (०.६१ प्रतिशत), दोस्रो चौमासिकमा रु.५ करोड ३६ लाख ४२ हजार (१७.९३ प्रतिशत) र तेस्रो चौमासिकमा रु.२४ करोड ५० लाख १ हजार (८१.९१ प्रतिशत) तथा आषाढ महिनामा मात्र रु.१९ करोड २९ लाख ८१ हजार (६४.५२ प्रतिशत) खर्च भएको छ । यसरी कार्यक्रम अनुसार तोकिएको चौमासिकमा तोकिए बमोजिम कार्य सम्पन्न गरी खर्च लेख्नुपर्नेमा तेस्रो चौमासिक र आषाढ महिनामा विनियोजित रकमको ठूलो अंश खर्च भएको छ । यसरी खर्च गरिंदा खर्चको सही सदुपयोग नहुने, योजनाको गुणस्तरमा प्रभाव पर्नुका साथै आर्थिक अनियमितता समेत बढने अवस्था सिर्जना हुने देखिन्छ ।

१५. **सामाजिक सुरक्षा कार्यक्रम** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ बिपरीत यो वर्ष सामाजिक सुरक्षा कार्यक्रममा २८ गाउँ विकास समितिले रु.२ करोड १२ लाख ९३ हजार ७ सय पेश्की फछ्र्यौट गरेका छैनन् । तोकिएको समयमा फाँटवारी पेश गरी पेश्की फछ्र्यौट नगराउनेलाई आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी समयमा फछ्र्यौट गर्नुपर्दछ ।

१६. **पेश्की बाँकी** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ अनुसार निर्दिष्ट कामको लागि लिएको पेश्की तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पर्नेमा समितिले विभिन्न २५ जनालाई दिएको पेश्की रु.१ करोड ४६ लाख ७० हजार आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट गरेको नदेखिंदा नियमानुसार आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

१७. **अनुगमन :** सामाजिक परिचालन कार्यविधि, २०७१ मा विद्यमान अवस्था सम्बन्धी विश्लेषण गर्दै बैठकमा ६० प्रतिशतभन्दा कम सदस्य उपस्थित हुने, निर्णय प्रक्रियामा केही सदस्यहरुको मात्र सहभागिता हुने, माइन्यूट व्यवस्थित नहुने अघिल्लो बैठकको निर्णय कार्यान्वयन नहुने व्यहोरा

उल्लेख छ । यस सम्बन्धमा अनुगमन नगरी स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रमबाट १० नयाँ नागरिक सचेतना केन्द्रलाई प्रतिकेन्द्र रु.३० हजारका दरले रु.३ लाख तथा पुराना नागरिक सचेतना केन्द्रलाई प्रतिकेन्द्र रु.१० हजारका दरले रु.१ लाख समेत जम्मा रु.४ लाख सशर्त अनुदान उपलब्ध गराएकोमा स्वीकृत कार्यक्रम बमोजिम खर्च भए नभएको तथा अनुदान खर्चबाट प्राप्त उपलव्धी, असर र प्रभावको सम्बन्धमा अनुगमन भएको देखिएन ।

१८. **कार्यविधिको कार्यान्वयन** : पुराना नागरिक सचेतना केन्द्र १५ लाई साना पूर्वाधार योजना अनुदान प्रतिकेन्द्र रु.२ लाख ६८ हजार ३३३ का दरले रु.४० लाख २४ हजार ९९५ सशर्त अनुदान प्रदान गरिएकोमा कार्यविधि बमोजिम योजना छनौट, कार्यान्वयन र सञ्चालन भएको अभिलेख समितिले राखेको देखिएन ।

१९. **वडा नागरिक मञ्च** : सामाजिक परिचालकहरुलाई ९ वटा वडाको प्रतिवडा रु.६ हजारका दरले रु.५४ हजार ४९ परिचालकहरुको खातामा पठाई खर्च लेखेको रु.२६ लाख ४६ हजारको स्वीकृत कार्यक्रम बमोजिम खर्च भएको प्रमाण पेश भएको छैन ।

२०. **असम्बन्धित खर्च** : आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम ३५ मा रकम स्वीकृत वजेट भित्र र सम्बन्धित खर्च शिर्षकमा पर्दछ र खर्च गर्न बाँकी छ भने साथै सोही नियमावलीको नियम ३६ मा खर्च गर्दा स्वीकृत वजेटको परिधि भित्र रहि कार्यालय प्रमुखले स्वीकृत गर्नुपर्ने व्यबस्था छ । जिल्ला विकास समिति ले माडीखोला पुलको बि.ओ.क्यू.मा स्वीकृत वजेट तथा कार्यक्रममा नपरेको पूजिगत सुधार बजेट खर्च शीर्षकबाट खरिद गर्नुपर्ने प्रकृतिको आइटम समावेश गरी उक्त नियम तथा कार्यक्रम विपरीत रु १९ लाख ७ हजार भूक्तानी खर्च लेखेको देखियो ।

२१. **बिल भरपाई** :- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा यस नियमावली बमोजिम खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने तथा कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिले एक निर्माण व्यवसायीलाई प्रोभिजनल सम् आइटममा समावेश भएको ल्याव टेस्ट वापत रु.२२ हजार ६०० भुक्तानी दिएकोमा ल्याव टेष्टको रिपोर्ट, र विल भरपाई पेश नभएकोले उक्त रकम निज निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ ।

२२. **म्याद थप तथा पूर्व निर्धारित क्षतिपूर्ति** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा खरिद सम्झौताको अवधि थप गर्न सकिने उल्लेख छ । एक निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार २०७२ आषाढ ९ मा सम्पन्न गर्नुपर्ने कामको लागि प्रथम पटक २०७२ असोज मसान्तसम्म र दोस्रो पटक २०७३ आषाढ मसान्तसम्म म्याद थप भएको छ । म्याद थप माग गर्दा निर्माण व्यवसायीले नेपाल बन्द, वर्षात, आर्थिक नाकाबन्दी, इन्धन अभाव, सिमेन्ट उद्योग बन्द आदिजस्ता कारण देखाएको छ तर उक्त कारणलाई पुष्टि गर्ने कागजात पेश गरेको छैन । जिल्ला विकास समितिले पनि सोही कारणलाई मनासिव ठहर गरी जरिवाना नलगाई दुई पटक गरेर १३ महिना अर्थात ८६.६७ प्रतिशत म्याद थप गरेको छ । उक्त थपिएको म्यादमा समेत काम सम्पन्न भएको छैन । जिल्ला विकास समितिले निर्माण व्यवसायीलाई पूर्व चेतावनी दिएको छैन । कार्यसम्पादनको जमानत म्याद दोस्रोपटक थपिएको म्याद २०७३ आषाढ मसान्तको हिसाबले २०७४ श्रावण मसान्तसम्म हुनुपर्नेमा २०७३ चैत्र सम्मको म्याद भएको कार्यसम्पादन जमानत पेश गरेको छ । विमाको म्याद २०७३ असोजमै समाप्त भएको छ । निर्माण व्यवसायीले संशोधित कार्यतालिका पेश गर्नुपर्नेमा सो पनि पेश गरेको छैन । स्थलगत लेखापरीक्षणको क्रममा एप्रोच सडक निर्माण तथा पुलको रेलिङ लगाउने कार्य हाल सम्म भएको देखिएन । निर्माण व्यवसायीले पुनः तेस्रो पटक

१ वर्षको लागि म्याद थप गर्न माथि उल्लिखित कारणहरुसहित २०७३।०३।२४ मा निवेदन दिएकोमा हालसम्म कुनै निर्णय भएको छैन । अतः पटक पटक म्याद थप गर्दा पनि कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कार्यसम्पादन जमानतको म्याद, विमाको म्याद थप गर्न लगाई र संशोधन कार्यतालिका पेश गर्न लगाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम सम्झौता रकम रु.२ करोड ७ लाख १६ हजार को प्रतिदिन ०.०५ प्रतिशतले हुन आउने रु.१० हजार ३५८ ले २०७३ श्रावण १ देखि २०७३ माघ १० गतेसम्म ढिला गरेको जम्मा दिन १९२ दिनको रु.१९ लाख ८८ हजार ७३६ अन्तिम पटकको म्याद थप अवधिमा पनि निर्माण सम्पन्न हुन नसकेको अवस्थामा पूर्व निर्धारित क्षतिपूर्ति असुल हुनुपर्दछ ।

२३. **पेश्की जमानत** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम पेश्की जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधि भन्दा कम्तिमा १ महिना भन्दा बढी अवधिको हुनुपर्ने उल्लेख छ । एक निर्माण व्यवसायीलाई सम्झौताको शर्त अनुसार चविघाट पुलको लागि गत बर्ष रु ४१ लाख पेश्की उपलब्ध गराएकोमा निर्माण व्यवसायीले ३ फरक फरक म्याद भएका पेश्की जमानत जमानत पेश गरेको छ । एक बैंकको रु.१६ लाखको पेश्की जमानतको म्याद २०७३ पुस २९ मा सकिएकोले उक्त निर्माण व्यवसायीलाई उपलब्ध गराएकोमध्ये रु.१६ लाख पेश्की जोखिममा परेको छ । अतः निर्माण व्यवसायीलाई पेश्कीको जमानत अवधि थप गर्न लगाउनु पदर्छ ।

२४. **संयुक्त उपक्रम** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८ मा कुनै संयुक्त उपक्रम खरिद सम्झौताको लागि छनौट भएका सम्बन्धित सार्वजनिक निकायले त्यस्तो संयुक्त उपक्रमलाई त्यस्तो उपक्रमको संयुक्त दायित्व र संयुक्त उपक्रमका साझेदारको व्यक्तिगत दायित्व समेत रहने गरी आन्तरिक राजश्व कार्यालयमा स्थायी लेखा नं.र मूल्य अभिवृद्धि कर दर्ता गर्न लगाउनुपर्ने व्यवस्था छ । उक्त पुल निर्माण गर्ने निर्माण व्यवसायी संयुक्त उपक्रमका रुपमा आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको देखिएन ।

२५. **अनुगमन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने तथा उपदफा ८ मा कुनै रकम भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिले पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजना अन्तर्गत आर्थिक वर्षको अन्त्यमा प्राजेक्ट ईम्प्लिमेन्टेसन म्यानूयल, २०१३ तथा सहकारी संस्थासँग भएको सम्झौता बमोजिम २० संस्थालाई रु.१ करोड ३१ लाख २५ हजार १०४ अनुदान दिएकोमा तोकिए बमोजिम कार्यक्रम सञ्चालन भए नभएको सम्बन्धमा अनुगमन गरी नतिजा प्राप्तिको स्थिति सम्बन्धमा अभिलेख राखेको पाईएन ।

२६. **सामुदायिक लगानी** : प्रोजेक्ट ईम्प्लिमेन्टेसन म्यानूअल २०१३ बमोजिम जिल्ला विकास समितिले सामुदायिक लगानी योजना अन्तर्गत उपापको आर्थिक सहयोगमा सहभागितात्मक ग्रामीण लेखाजोखा सर्वेक्षणबाट छनौट भै गरिबीको रेखामुनी रहेका व्यक्तिहरुलाई मागमा आधारित व्यवसाय जस्तै किराना पसल, नास्ता पसल, सिलाइ कटाई, मोबाइल मर्मत, आईरन व्यवसाय आदि सञ्चालन गर्नको लागि आर्थिक वर्षको अन्तमा ६६ जनालाई नर्म्स समेत तयार नगरी व्यवसायीक योजना बेगर रु.२१ लाख ५५ हजार अनुदान उपलब्ध गराएको छ । यसरी वार्षिक कार्यक्रम अनुसार प्रथम र दोस्रो चौमासिकमा सञ्चालन हुनुपर्ने कार्यक्रम सो अवधिमा सञ्चालन नगरी असारको अन्तमा अनुदान उपलब्ध गराएको र अनुदानको रकमबाट लक्षित समूहलाई पुगेको लाभका सम्बन्धमा तोकिएको फ्रेमवर्क बमोजिम हालसम्म अनुगमन भएको देखिएन ।

२७. **भरपाई** : उपापको जिल्ला सेवा समन्वय समितिको बैठक भत्ता वापत रु.१० हजार खर्च लेखेकोमा रु.५ हजार १०० भत्ता बुझेको भरपाई पेश नगरेकोले उक्त रकम दाखिला हुनुपर्दछ ।

२८. **यातयात खर्च** : आयोजना लागू भएका २० गाउँ विकास समितिका सामाजिक परिचालकलाई स्टाफ बैठकमा सहभागी भए बमोजिम आतेजाते तथा दैनिक भ्रमण भत्ता प्रयोजनका लागि भनी रु.३ लाख ७९ हजार ७२५ एक वरिष्ठ सामाजिक परिचालकको निवेदन अनुसार खर्च लेखेकोमा स्वीकृत भ्रमण आदेश, भ्रमण विल, स्टाफ बैठकको माइन्यूट र निर्णय, रकम बुझेको प्रमाण पेश हुनुपर्दछ ।

२९. **भार परीक्षण** : खर्च गर्ने अख्तियारी पत्रको बुँदा नं.११ मा झोलुङ्गेपुलको गुणस्तर सुनिश्चित गर्नका लागि भार परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिले यो वर्ष सम्पन्न रु.६३ लाख ७२ हजार लागतका ५ पुलको निर्माण सम्पन्न गरेकोमा भार परीक्षण गरेको छैन । उक्त पुलहरु उपभोक्ता समितिलाई हस्तान्तरण समेत गरेको छैन । निर्माण सम्पन्न पुलहरुको भार परीक्षण गरी हस्तान्तरण गर्नुपर्दछ ।

३०. **अधुरा पुलहरु** : जिल्ला विकास समिति बाट प्राप्त विवरणअनुसार आरङखोला, सिबाङखोला र गाटिनाखोला पुल २०७१ सालमै सम्पन्न गर्नुपर्नेमा हालसम्म पनि सम्पन्न भएको पाइएन । साथै काफलबोट पुल २०७३ जेष्ठभित्र सम्पन्न गरिसक्नुपर्नेमा सम्पन्न गरेको पाइएन । उक्त पुलहरुमध्ये हालसम्म सिवाङखोला पुलको ७७.८५ प्रतिशत, काफलबोट पुलको ६७.०४ प्रतिशत, गाटिनाखोला पुलको ७३.३७ प्रतिशत र आरङखोला पुलको ८१.२५ प्रतिशतमात्र भौतिक प्रगति भएको छ । अतः उक्त पुलहरु यथासिघ्र सम्पन्न गर्नुपर्दछ ।

३१. **कार्यक्रम बिपरित खर्च** : संयुक्त जनअधिकार मञ्च रोल्पाले पेश गरेको रु.२ लाख ७५ हजारको २०७३।०३।२२ मा स्वीकृत गरेको ४ कार्यक्रममध्ये जिल्ला स्तरीय अन्तर संवाद कार्यक्रमको लागि रु.१ लाख विनियोजन गरी स्वीकृत गरेकोमा उक्त मञ्चले स्वीकृत कार्यक्रम विपरीत रु.१ लाखबाट ३ थान कम्प्युटर किनी ३ प्राथमिक विधालयलाई वितरण गरेकोले कार्यक्रम बिपरित खर्च भएको देखियो ।

३२. **हेभि इक्युपमेन्ट प्रयोग** : सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७,मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रीव्युटर, जस्ता हेभी मेसिनहरु प्रयोग गर्न सकिने छैन भन्ने व्यवस्था छ । कार्यालयले ३३ उपभोक्ता समितिमार्फत रु ३ करोड २४ लाख ५५ हजारको मोटर बाटोको ट्र्याक खोल्ने काम उपभोक्ता समितिमार्फत गराउँदा उक्त नियमावली विपरीत एक्साभेटर प्रयोग गरेको देखियो ।

३३. **भूसंरक्षण** : जलवायु परिवर्तन सहयोग कार्यक्रमबाट जिल्ला भूसंरक्षण कार्यालयलाई उपलब्ध गराएको रु.२३ लाख ८५ हजारमध्ये हारजंग-२ मा तारजाली खरिद गरी भल नियन्त्रणको लागि तटबन्ध निर्माण कार्यमा उपभोक्ताले रु.२ लाख ५९ हजार ५९४ र कार्यालयले रु.५ लाख समेत जम्मा रु.७ लाख ५९ हजार ५९४ खर्च गरेकोमा कार्य सम्पन्न प्रतिबेदन बेगर पेश्की फछ्र्यौट गरेको छ ।

३४ **अन्य व्यहोरा** :

३४.१ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६५ र खर्च गर्ने निर्देशन अनुसार समयमै गाउँ विकास समितिहरुलाई निकासा गएकोमा सम्बन्धित गाउँ विकास समितिहरुबाट भुक्तानी गर्दा गाउँ विकास समितिले निर्देशिकाको बुंदा नं.९ बमोजिम भत्ता प्राप्त गर्ने सम्बन्धित व्यक्तिलाई मात्र भत्ता

रकम बुझाउनुपर्नेमा अन्य व्यक्तिहरुले हस्ते गरी भत्ता बुझेको भर्पाइ समेत राखिएको हुदाँ सम्बन्धित व्यक्तिलाई मात्र भत्ता बुझाउनुपर्ने देखिन्छ ।

३४.२ विभिन्न ५ गाउँ विकास समितिले सामाजिक सुरक्षा भत्ताको जोडजम्मा फरक पारी बढी खर्च लेखेको रु.१ लाख ६८ हजार असुल उपर गर्नुपर्दछ ।

३४.३ समन्वय समितिमा नभएका २ व्यक्तिलाई भुक्तानी गरेको बैठक भत्ता प्रतिव्यक्ति रु.१ हजारका दरले दुई जनाको रु.२ हजार असुल गर्नुपर्दछ ।

३४.४ विभिन्न २ व्यक्तिलाई स्वीकृत भ्रमण आदेश भन्दा १ दिन बढीको दैनिक भत्ता रकम भुक्तानी भएको रु.२९२० असुल गर्नुपर्ने देखियो ।

३४.५ दुई विक्रेताबाट हाफ ज्याकेट ३०५ र टिसर्ट ३०० थान खरिद गरी भुक्तानी गरेको पाईयो । खरिद सामग्रीहरु लक्षित वर्गलाई वितरण गरेको अभिलेख समितिले राखेको देखिएन ।

३४.६ जिल्ला विकास समितिबाट सञ्चालन भएका क्रमागत सडकहरुमा लागत अनूमान हुदा प्राविधिकले ०.० चेनेजबाट सुरु गरी सोही चेनेजबाट कार्य सम्पन्न प्रतिवेदन देखाउने गरेकोले कुन ठाउबाट सडक खन्न सुरु गरियो र कुन ठाउमा सकियो भन्ने यकिन गर्न नसकिने अवस्था छ । स्थानीय स्वायत्त शासन आर्थिक प्रशासन सम्बन्धी नियमावलीमा चेनेज अनुसार क्रमश: अगाडि बढाउदै लैजानु पर्छ भन्ने व्यवस्था भएतापनि कार्यान्वयनमा ल्याएको देखिएन । निर्माण कार्यको अभिलेख अध्यावधिक भएको नदेखिएकोले सम्पन्न भएका योजनाहरु कति निर्माण भए भन्ने कुरा यकिन गर्न सकिएन ।

३४.७ यो कार्यक्रमबाट आर्थिक वर्षको अन्त्यमा उर्जा विकास कोष खातामा २०७३/३/३० मा ट्रान्सफर गरी खर्च लेखेकोमा स्वीकृत कार्यक्रम अनुसार खर्च गरेको देखिएन ।

३४.८ जिल्लामा रहेका ४९ गाउं विकास समितिको न्युनतम शर्त तथा कार्य सम्पादन मुल्याङ्कनकर्तालाई भुक्तानी गर्दा कट्टी गर्न छुट भएको अग्रिम कर रु.१८,७५०।- असूल हुनुपर्दछ ।

३४.९ अख्तियारीको बुदां नं. ८ मा फाल्गुन मसान्तसम्म काम शुरु नभएका योजनाको वजेट चैत्र १० गते अनिवार्य फ्रिज गर्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार नभइ २०७३/०२/०२ मा पिरभिरे आरु खर्क मन्दिरलाई रु.६० हजार ६९९ र २०७३/०३/२९ मा रु.९४ हजार ८६० खर्च लेखिएको पाईयो ।

३४.१० कन्टिन्जेन्सीमा तोकिएको सिलिगं भन्दाबढी खर्च भएको रु ४३,१०८।- असूल गर्नु पर्दछ ।

३४.११ एक हार्डवयर सप्लायर्सबाट विभिन्न गाउ विकास समितिमा योजना सञ्चालन गर्न सामग्री खरिद गरेको पाइयो । उक्त सामान उपभोक्ता समितिले व्यवस्थित रुपमा प्रयोग गरे नगरेको अनूगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ ।

३४.१२ स्थानीय स्तरमा सञ्चालन भएका योजनाहरु तथा कार्यक्रमहरु सम्पन्न भए पछि योजनाहरु स्थानीय निकाय स्रोत परिचालन तथा ब्यबस्थापन कार्य बिधि को बुदा २६ (२) बमोजिम मर्मत सम्भार जिम्मा सहित उपभोक्ता समितिलाई हस्तान्तरण गरी अभिलेख समेत राख्नु पर्नेमा सो भएको पाइएन ।

३४.१३ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम स्थानीय निकायमा सञ्चालित योजना र विषयगत शाखा, कार्यालयहरुले आर्थिक प्रशासन सम्बन्धी नियमावली अनुसार लेखा राखे नराखेको बारेमा स्थानीय निकायका सचिव र लेखा प्रमुखले निरीक्षण गरी प्रतिवेदन दिनुपर्ने व्यवस्था भएकोमा हालसम्म निरीक्षण गरी प्रतिवेदन पेश गरेको पाईएन ।

३४.१४ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६० मा जिल्ला विकास समितिको कार्यालयले राख्नुपर्ने विभिन्न अनुसूचिमा ढाँचा तोकिएको छ । तर हालसम्म पनि उल्लिखित ढाँचामा श्रेस्ता नराखिएकोले हिसाब पारदर्शी र एकिन गर्न गाह्रो हुँदा समग्र आय-व्ययलाई व्यवस्थित गर्न तोकिएका अनुसूचिहरु २८,३१,४४,५३ र ७१ राख्नुपर्ने देखिन्छ ।

३४.१५ विभिन्न कर्मचारीहरुलाई कन्टिन्जेन्सी खाताबाट दैनिक भ्रमण भत्ता खर्च भुक्तानी गर्दा एक सव ईन्जिनियर लाई वढी भुक्तानी भएको दैनिक भ्रमण खर्च रु.१८२८।- दाखिला गर्नुपर्ने देखियो ।

३४.१६ विभिन्न कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता खर्च भुक्तानी भएकोमा एक नायब सुव्बालाई तिन बिलको गरी जम्मा रु.२४९०।- बढी भुक्तानी दिइएको पाइयो ।

३४.१७ गाउँ विकास समिति योजना सहजीकरण समितिले गाउँ परिषदबाट छनौट भै आएका आयोजनाहरु लागत विवरण तयार गरी कार्यविधि अनुसार भए नभएको अध्ययन गरी निकासको लागि स्थानीय विकास अधिकारी समक्ष सिफारिसको आधारमा गाउँ विकास समितिहरुको निकासा छोड्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

३४.१८ यस वर्ष जिल्ला विकास समितिले आफू अन्तर्गतका ४९ गाँउ विकास समितिलाई चालु र पूँजीगत खर्च निकासा भएको सबै रकम खर्च मानी आर्थिक विवरण बनाइएको देखियो । गाउँ विकास समितिको लेखापरीक्षण कार्य समयमै नहुने तथा अनुदान निकासा खर्चको अध्यावधिक विवरण तयार नभएको कारणबाट केन्द्रिय वजेट मार्फत निकासा दिइएको रकम मध्ये वर्षान्तमा बाँकी रकम यकिन गरी फ्रिज गर्नुपर्ने रकम फ्रिज नगराउदा तोकिएको कार्यक्रम विपरीत खर्च हुने हुंदा जिल्ला विकास समिति ले अनुगमन गरी त्यस्तो रकम फ्रिज गर्नुपर्दछ ।

३४.१९ यस कार्यक्रमतर्फ रु.४३ लाख ५० हजार ६६४ बजेट रहेकोमा रु.४३ लाख २ हजार ८९५ खर्च भई रु.४७ हजार ७६९ बाँकी रहेको छ । खर्च जनाएको रकममध्ये अन्यत्र कार्यालयलाई निकासा दिएको रकमबाट खर्च नभई बाँकी रहेको रकमको समेत जिल्ला विकास समितिले अभिलेख राख्नुपर्दछ ।

३४.२० लघु उद्यम अनुदान रकम तोकिए बमोजिम खर्च भए नभएको सम्बन्धमा अनुगमन गरी प्रतिबेदन लिनुपर्दछ ।

३४.२१ धरौटी बाँकी रु.३० लाख ३९ हजार ९५५ मध्ये स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम जुन प्रयोजनको लागि धरौटी राखिएको हो सो काम पूरा भईसकेको १ वर्ष भित्र फिर्ता वा सदर स्याहा गर्नुपर्ने व्यवस्था भएकोमा म्याद समाप्त भएको धरौटी रकमहरु एकीन गरी सदर स्याहा भएको देखिएन ।

३५. **स्थानीय निकायको लेखापरीक्षण** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६९ र १३५ बमोजिम स्थानीय निकायको २०७२।७३ को लेखापरीक्षण सम्बन्धमा प्राप्त विवरण अनुसार लेखापरीक्षण गर्नुपर्ने ४९ गाउँ विकास समितिमध्ये ४९ गाउँ विकास समितिको लागि लेखापरीक्षक नियुक्त भइसकेको देखिन्छ । लेखापरीक्षक नियुक्त भएकामध्ये ३ गाउँ विकास समितिको लेखापरीक्षण प्रतिवेदन प्राप्त भएकोमा नगरपालिकाले हाल सम्म लेखापरीक्षक नियूक्ति गरेको छैन । गाउँ विकास समितिहरुको लेखापरीक्षण गर्न १५ लेखापरीक्षक नियुक्त गरी ४५ दिनसम्म समय दिएको पाइयो । गाउँ विकास समितिको लेखापरीक्षणबाट ३ निकायको आर्थिक कारोबार रु.१ करोड ९३ लाख २४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । ती गाँउविकास समिति को कुल लेखापरीक्षण अक रु. १ करोड ९३ लाख २४ हजारमा रु.१८ लाख ४९ हजार ३०९ पेश्की बेरुजू कायम गरेको छ । गाउँ विकास समितिको लेखापरीक्षक नियुक्त गर्ने समय निर्धारण गर्ने मापदण्ड स्वीकृत गरेको छैन ।

३६. **वढी भूक्तानी** : गजुल गाउ विकास समितिमा भएको सामाजिक सुरक्षा भत्ता पेश्की रु.११,००,७००।- को सम्परीक्षणको क्रममा परीक्षण गर्दा जेष्ठ, दलित अपाङ्ग लगायतको भत्ता बुझेको भपाई रु.१० लाख ७३ हजार र बैक दाखिला रु.६ हजार गरी जम्मा रु.१० लाख ७९ हजार को मात्र फांटवारी संलग्न गरी रु.११,००,७००।- पेश्की फछ्र्योट गरेको हुंदा फाँटवारी बेगर फछ्र्योट गरेको रु.२२ हजार दाखिला गर्नुपर्दछ ।

# जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम ९५ बमोजिम आन्तरिक कार्यविधि तयार गरी कार्य प्रकृयालाई व्यवस्थित गर्ने, ऐन नियम पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित बनाउनुपर्नेमा निकासा अभिलेख, खरिद योजना, कार्य सम्पन्न प्रतिबेदन, कार्य बिबरण, नापि किताब तथा जिन्सी व्यवस्थापन सम्बन्धी कार्य कानुन बमोजिम प्रभाबकारी रुपमा पालना गरेको छैन ।

२. **प्रति विधार्थी खर्च** : जिल्लामा प्राथमिक विद्यालय, निम्नमाध्यमिक विद्यालय तथा माध्यमिक विद्यालयमा गरेर कुल ७०,२४८ विद्यार्थी रहेकोमा भौतिक पूर्वाधारमा गएको निकासा बाहेक प्रतिविद्यार्थी खर्च रु.७ हजार रहेको छ ।

३. **भौतिक संरचना निर्माण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले भौतिक संरचनाहरुको निर्माणको लागि निकासा प्राप्त गरेका ४० विद्यालयले स्वीकृत कार्यक्रम बमोजिम भौतिक संरचना निर्माण गरेको देखिने रु.३ करोड ३० लाख ५० हजारको बिल, भरपाई तथा कार्य सम्पन्न प्रतिवेदन पेश भएको छैन ।

४. **बढी खर्च** : आर्थिक कार्यविधि नियमावली , २०६४ को नियम ३६मा वजेटको सीमाभित्र रही खर्च गर्नु पर्ने व्यवस्था छ। एक कर्मचारीलाई पुस्तक व्यवसायहीहरुको अन्तरक्रिया कार्यक्रममा उपस्थित १० जनाको खाजा तथा स्टेशनरीमा रु.१५,२२०।- खर्च लेख्नुपर्नेमा २० जनाको रु. ३०,४००।- खर्च लेखेकोले रु.१५ हजार बढी खर्च लेखेको रकम असुल हुनुपर्दछ ।

५. **कार्यक्रम विपरीत खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा निर्धारित कार्यमा रकम खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत कार्यक्रम विपरीत पाठ्यकम प्रवोधिकरण, अनुगमनको कार्यक्रमबाट खाजा, खाना र दैनिक तथा भ्रमण भत्ता खर्च गरेको रु.२ लाख ३६ हजार २०० अनियमित देखियो ।

६. **दिवा खाजा** : शिक्षा विभागको कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम तोकिएका २२ जात, जातिको छात्र/छात्राहरुलाई तोकिए बमोजिमको अभिलेख नराखी भर्ना भएका सम्पूर्ण विद्यार्थी संख्याको आधारमा दिवा खाजा खर्च लेखेको रु.१ करोड ४७ लाख २३ हजार ३१२ अनियमित देखियो ।

७. **पिसिएफ अनुदान** : विद्यार्थीको अनुपातमा न्यून शिक्षक रहेका विद्यालयहरुलाई प्रतिविद्यार्थी कक्षा १ देखि ५ सम्म रु.८७७ कक्षा ६ देखि ८ सम्म रु.१ हजार १९४ तथा कक्षा ९ देखि १० सम्म रु.१ हजार ८४५ का दरले विभिन्न १२५ विद्यालयलाई रु.२ करोड ४० लाख १ हजार २८०।- सम्बन्धित विद्यालयको खातामा निकासा दिएकोमा तोकिए बमोजिम शिक्षक नियुक्ति भए नभएको अभिलेख राखी अनुगमन गर्नुपर्दछ ।

८. **कार्यक्रम बिपरीत खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ विपरीत विद्यालयहरुमा अध्ययनरत बालबालिकाहरुको लागि अतिरिक्त क्रियाकलाप सञ्चालन कार्यक्रमबाट खाजा खानामा खर्च लेखेको रु २५ हजार कार्यक्रम विपरीत देखियो ।

९. **लागत अनुमान** : सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम लागत अनुदान तयार नगरी एक प्रिन्टिङ प्रेसलाई जिल्लास्तरीय वार्षिक परीक्षाको प्रश्नपत्र, मार्कसिट तथा मार्कलेजर छपाई वापत रु.२ लाख ९९ हजार ९८३ भुक्तानी भएको छ ।

१०. **कर दाखिला** : दुई कर्मचारीले पेश्की फछ्र्यौट साथ संलग्न फाँटवारी बमोजिम सम्बन्धित व्यक्तिहरुबाट कट्टी भएको अग्रिमकर रु.३३ हजार ७३५ दाखिला गरेको नदेखिएकोले आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ बमोजिम २५ प्रतिशतले हुने जरिवाना सहित गणना गरी असुल गर्नुपर्दछ ।

११. **बरबुझारथ** : एक पूर्वजिल्ला शिक्षा अधिकारीले २०७२/६/१२ मा विद्यालय किताबखाना रमाना भई जाँदा रु.६२ हजार ८३१ मूल्यको ल्यापटप बरबुझारथ गरेको देखिएन ।

१२. **प्रमाण** : शिक्षा मन्त्रालयको २०७३/३/२१ को बजेट बाँडफाँड र खर्च गर्ने अख्तियारी बमोजिम विद्यालय भवन निर्माण, कोठा थप, मेशिनरी उपकरण खरिद र सोलार खरिद कार्यक्रममा खर्च गर्न बिभिन्न विद्यालयलाई निकासा दिएको जनाई रु.१८ लाख खर्च लेखेको छ । तर निकासा दिएका विद्यालयको सूची र अख्तियारी बमोजिम खर्च भएको प्रमाण पेश भएको छैन ।

१३. **सोझै खरीद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ विपरीत ग्यारेज भवन र पाले घर निर्माण कार्यलाई ३ प्याकेज बनाई रु.१३ लाख खर्च गरेको छ ।

१४. **ल्याब सामग्री** : ल्याव सामग्री सहयोग अनुदान वापत २ विद्यालयलाई रु.३१ लाख निकासा गएकोमा स्वीकृत कार्यक्रम बमोजिम ल्याब समग्री खरिद भए नभएको सम्बन्धमा कार्यालयबाट अनुगमन भएको छैन ।

१५. **निकासा माग** : सम्बन्धित विद्यालयको स्वीकृत दरबन्दी र पदपुर्ति बमोजिम निकासा माग फारम वेगर ५ बिद्यालयलाई रु ३० लाख २५ हजार ३८३ पहिलो चौमासिक निकासा प्रदान गरेको देखियो ।

१६. **भरपाई** : विभिन्न ३ व्यक्तिले रु.१८ हजार ८५० रकम बुझी लिएको भरपाई वेगर एक कर्मचारीलाई सोधभर्ना तथा पेश्की फछ्र्यौट गरेको रकम असुल गर्नुपर्दछ ।

१७. **नर्मस** : एक शाखा अधिकृतले अनौपचारिक शिक्षातर्फको विभिन्न कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्मस वेगर स्पेसल खाना खुवाएको भनि प्रतिव्यक्ति रु ५०० का दरले १२० जनाको रु.६० हजार खर्च लेख्न मिल्ने आधार पेश भएन ।

१८. **खर्च शीर्षक** : महालेखा नियन्त्रक कार्यालयको बजेट बर्गीकरण विपरीत करार सेवामा कार्यरत कम्प्यूटर अपरेटर १ र कार्यालय सहयोगी ३ को पारिश्रमिक र स्थानीय भत्ता, महङ्गी भत्ता तथा चाँडवाड खर्च समेत वार्षिक रु.८ लाख ९८ हजार ३४० अन्य सेवाबाट खर्च लेख्नुपर्नेमा तलब भत्ता शीर्षकबाट खर्च लेखेकोले नियम विपरीत देखियो ।

१९. **बढी भुक्तानी** : एक विद्यालय निरीक्षक २०७२/६/७ देखि बढुवा भई कार्यालयमा पदस्थापन भई २०७२/८/१७ देखि हाजिर भएकोमा मंसिरको तलब भत्ता वितरण गर्दा मार्गको १३ दिनको स्थानीय भत्ता रु.१ हजार ६८१ मात्र पाउनेमा रु.३ हजार ३७५ खर्च लेखेकोले बढी भुक्तानी भएको रु १ हजार ६९४ असुल गर्नुपर्दछ ।

२०. **अग्रिम बहालकर** : आयकर ऐन, २०५८को दफा १८ बमोजिम २०७२ चैत्रको एस.एल.सी. उत्तरपुस्तिकाहरु परीक्षा नियन्त्रक कार्यालयले तोकिदिएको सम्बन्धित परीक्षा केन्द्रसम्म ढुवानी गर्न

एक गाडी रिजर्भ गरी ढुवानी गरेको भनी दाङ घर भएका एक व्यक्तिलाई रु.६५ हजार भुक्तानी गर्दा १० प्रतिशतले हुने अग्रिम बहालकर रु.६ हजार ५००।- कट्टी नगरेकोले असुल गर्नुपर्दछ ।

२१. **बढी निकासा** : विभिन्न ४ विद्यालयलाई तलब अनुदान निकासा हुँदा माग फारामको जोडजम्मा भन्दा बढी हुने गरी निकासा भएको रु.४८ हजार १३६ र विभिन्न ५ विद्यालयलाई तेस्रो चौमासिक अवधिको प्राथमिक शिक्षक तलब अनुदान खर्च लेख्दा बढी खर्च लेखिएको रु.४६ हजार २४३ समेत रु.९४ हजार ३७९ असुल गर्नुपर्दछ ।

२२. **जलवायु परिवर्तन सहयोग** : जिल्ला विकास समितिबाट जिल्लाको हार्जङ, सेरम, सिउरी, गाम, मिफ्फिङ, तेबाङ उवा र पाङ गाउँ विकास समितिमा जलवायु परिवर्तन सम्बन्धी जनचेतनामूलक कार्यक्रम र अभिवृद्धि कार्यक्रम, विद्यालय लोकगित कार्यक्रम सञ्चालन गर्न २०७२/१०/२८ मा रु.२ लाख ५६ हजार र पछि २०७३/३/३० मा थप रु.६४ हजार बजेट प्राप्त भई पुरै खर्च भएको श्रेस्ताको जोडजम्मा रु.३ लाख १५ हजार भएकोले जोडजम्मा भन्दा बढी खर्च लेखेको रु.५ हजार असुल गर्नुपर्दछ ।

२३. **प्रमाण** : जिल्ला विकास समितिको कोष आन्तरिक स्रोत बालबालिका लक्षित कार्यक्रम अन्तर्गत ७ विद्यालयलाई कर्कट पाता तथा फर्निचर सहयोग वापत दिएको रु.१ लाख ५० हजारमध्ये ४ विद्यालयले उक्त सहयोग कार्यक्रमबाट रु.८० हजार खर्च गरेकोमा खरिदसामग्रीको बिल तथा उक्त खर्च विद्यालय व्यवस्थापनबाट प्रमाणित भई आएको छैन ।

२४. **कार्यक्रम विपरीत खर्च** : जिल्ला विकास समितिबाट प्राप्त रकमको बालबालिका लक्षित फर्निचर तथा कर्कट पाता खरिद गर्नु पर्नेमा एक माध्यमिक विधालयले सिढी, नाला, पर्खाल निर्माणमा रु.३३ हजार ८९०।- खर्च गरेको छ ।

२५. **बढी खर्च** : २०७२ फागुनसम्मको बजेट खर्च रु. ३ लाख ८० हजार १४।- भएकोमा चैत्र महिनामा बैंक नगदी किताबमा रु.३ लाख ९९ हजार ८२४ जिम्मेवारी सारेकोले बढी खर्च लेखेको रु.१९ हजार ७१० असुल गर्नुपर्दछ ।

२६. **प्रमाण** : बैंक नगदी किताबमा कार्यक्रम खर्च रु.१५ हजार लेखेकोमा खर्चको प्रमाण पेश भएन ।

२७. **अभिलेख** : जिल्ला शिक्षा समितिको बैठकमा उपस्थित १० जनाको बैठक भत्ता रु.१० हजार र द्वन्द्वपीडित समितिको बैठकमा उपस्थित १० जनाको बैठक भत्ता रु.१० हजार समेत रु.२० हजार खर्च लेखेकोमा बैठकको निर्णय एवं कार्यान्वयन स्थितिको अभिलेख पेश भएको छैन ।

२८. **राजस्व** : शिक्षण अध्यापन अनुमति परीक्षा दस्तुर वापत २०७२/९/१३ मा रु २७ हजार २०० आम्दानी भएकोमा उक्त रकम २०७२/१०/२४ मा मात्र राजस्व दाखिला भएको देखियो । आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ बमोजिम ढिला दाखिला गरे बापत २५ प्रतिशत ले हुने रु.६ हजार ८०० जरिवाना असुल गर्नुपर्दछ ।

२९. **शिक्षा सेवा शुल्क** : शिक्षा नियमावली, २०५९ को नियम १८० बमोजिम संस्थागत विद्यालयका विद्यार्थीबाट मासिक शुल्क उठेको रकमको १ प्रतिशतले हुने रकम शिक्षक सेवा शुल्क उठाउनुपर्ने व्यवस्था भएको देखिन्छ। यस जिल्लाका २९ सस्थागत विद्यालयमध्ये स्थानीय होली भिजन इङ्लिस बोर्डिङ स्कूलबाट २०७१/०७२ को शिक्षा सेवा शुल्क रु.१७ हजार २२० दाखिला गरेको तर अन्य कुनै विद्यालयबाट शुल्क दाखिला गरेको देखिएन । सस्थागत विद्यालयको अभिलेख राखी शैक्षिक शुल्क उठेको रकमको १ प्रतिशतले हुने रकम असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

३०. **धरौटी :** धरौटी बाँकीको कच्चावारी अनुसार नाम, नामेसी नखुलेको रु.६१ हजार ७५२ को सम्बन्धमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६७ अनुसार सदरस्याहा गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

## जिल्ला स्वास्थ्य कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ बमोजिम आन्तरिक कार्यविधि तयार गरी कार्य प्रकृयालाई व्यवस्थित गर्ने, ऐन नियम पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित बनाउनुपर्नेमा कार्यालयले खरिद योजना, कार्य सम्पन्न प्रतिबेदन, कार्य बिबरण, निरीक्षण, तथा जिन्सी व्यवस्थापन सम्बन्धी कार्य कानुन बमोजिम प्रभाबकारी रुपमा पालना गरेको छैन ।

२. **अख्तियारी तथा कार्यक्रम :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयमा विभिन्न ३ बजेट उपशीर्षकको रु.२४ लाख २० हजारको अख्तियारी आषाढ महिनामा मात्र प्राप्त भएको देखियो । अख्तियारी तथा थप कार्यक्रम प्राप्ति एवं कार्यक्रम संसोधनमा ढिलाई हुँदा आर्थिक वर्षको तोकिएको चौमासिकभित्र सम्पन्न गर्नुपर्ने क्रियाकलापहरु समयमा हुन सकेका छैनन् । यसबाट आर्थिक वर्षको अन्ततिर कार्यक्रममा चाप पर्दा कामको गुणस्तर, प्रभावकारिता एवं दिगोपनामा समेत प्रभाव पर्ने स्थिति रहन्छ । अतः समयमानै कार्यक्रम तथा अख्तियारी प्राप्त हुनुपर्दछ ।

३. **चौमासिक खर्च :** कार्यालयलाई प्रदान गरिएको वार्षिक कार्यक्रम तथा अख्तियारी, २०७२।०७३ अनुसार प्रथम, दोस्रो तथा तेस्रो तीनवटै चौमासिकमा सञ्चालन गरिने कार्यक्रम,क्रियाकलाप तथा सोका लागि लाग्ने वजेट खर्चको सीमा निर्धारण गरिएको र सोही अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्दछ । आर्थिक वर्षको अन्ततिर तेस्रो चौमासिकमा कुल खर्च रु.१५ करोड १४ लाख ४० हजारको ४१.९५ प्रतिशतले रु.६ करोड ३५ लाख ३३ हजार खर्च भएको छ । आर्थिक वर्षको अन्ततिर अधिक मात्रामा कार्य सञ्चालन गर्दा सञ्चालित कार्यक्रमको गुणस्तरमा समेत असर पर्ने स्थिति रहन्छ । अत: आर्थिक वर्षको अन्ततिर अधिक खर्च गर्ने कार्यमा नियन्त्रण गरी वार्षिक कार्यक्रम, बजेट तथा लक्ष्य अनुसार चौमासिक रुपमा कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

४. **औषधि भण्डार परीक्षण :** प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधि तथा सर्जिकल सामानहरुमा "नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी" भन्ने लोगो लगाउनुपर्ने व्यवस्था छ । त्यसै गरी सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको ४७ औं प्रतिवेदनको निःशुल्क औषधि वितरण लोगोको व्यहोराका सम्बन्धमा सुझावलाई कडाई साथ लागू गर्ने निर्णय समेत गरेको छ । कार्यालयले खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधि तथा सर्जिकल सामानहरु मध्ये १३ प्रकारका औषधि तथा सर्जिकल सामानहरुमा "नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी" भन्ने लोगो सम्बन्धमा भण्डार परिक्षण गर्दा १ औषधिमा केही पनि उल्लेख नभएको, ४ मा विक्रीको लागि होइन, १ मा मूल्य उल्लेख नभएको, १ मा विक्री वितरण गर्न नहुने र ६ मा "नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी लेखेको पाईयो । निर्देशिकाले निर्दिष्ट गरेको विषयलाई पूर्णरुपमा पालना गर्ने तर्फ कार्यालयको ध्यान जानु जरुरी देखिन्छ ।

५. **जिन्सी व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ बमोजिम कार्यालयले पुराना मालसामानहरुको मूल्य खुलाई जिन्सी खाता अध्यावद्यिक गरेको देखिएन ।साथै कार्यालयले

उपलब्ध गराएको घर जग्गाको लगतमा जिल्ला अस्पताल, प्राथमिक स्वास्थय केन्द्र होलेरी र सुलिचौर स्वास्थ्य चौकी लिबाङ, कोटगाउ थबाङ लगायत ४७ स्वास्थ्य चौकी उप स्वास्थ्य चौकीको घर जग्गाको लागत रकम खोली अभिलेख राखेको छैन । स्वास्थ्य चौकी झेनाम र तेबाङक पर्ती जग्गामा बनेको देखिएकोमा स्वास्थ्य संस्थाको नाममा जग्गाधनी पुर्जा प्राप्त भएको देखिएन ।

६. **अनुगमन तथा भ्रमण खर्च** : कार्यालयले रु.५ लाख ५४ हजार अनुगमन मुल्याङ्कनमा खर्च गर्दा भ्रमण खर्च नियमावली, २०६४ को अनुसूची ६ बमोजिमको भ्रमण अभिलेख खाता राखेको भए तापनि अनुगमन मुल्याङ्कन प्रतिबेदन नलिएको तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा ३६(३) बमोजिम खर्च भएका कुनैपनि भ्रमण बिल तथा खर्चका बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी प्रमाणित गरेको छैन । भ्रमण प्रतिवेदन बेगर खर्च लेख्नु उचित होइन । ऐन नियममा भएका व्यवस्थाहरुको पालना गरी अनुगमन तथा भ्रमण खर्च लेख्नुपर्दछ ।

७. **मर्मत वेगरका उपकरण** : कार्यालयबाट प्राप्त मर्मत हुन नसकेका औषधि उपचारका उपकरणहरुको विवरण अनुसार एक्सरे मेशिन २ थान, इलेक्ट्रिक सक्सन मेशिन २ थान, इ.सि.जि. मेशिन २ थान, अक्सिजन कन्सन्ट्रेटर ४ थान, नेबुलाईजर २ थान, ओ.टी. लाईट २ थान मर्मत हुन नसकी प्रयोगमा नरहेको पाईयो । यसरी अत्यावश्यक उपचारमा प्रयोग हुने ठुलो परिमाणका मेशिनहरु मर्मत नभई प्रयोगमा नआउदा अत्यावश्यक स्वास्थ्य सेवा समेत प्रभावित हुन गएको छ। अतः उक्त मेशिनहरु मर्मत गरी प्रयोगमा ल्याउनेतर्फ कार्यालयले ध्यान पुऱ्याउनु पर्दछ ।

८. **खरिद औषधिको उत्पादन एवं म्याद** : प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम औषधि खरिद गर्दा १८ महिना अवधि भएको हुनुपर्ने तर कुनै औषधिको म्याद सकिने अवधि १८ महिना भन्दा कम हुने अवस्थामा जम्मा सेल्फ लाईफको ७५ प्रतिशत म्याद बाँकी हुँदा स्टोर दाखिला गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयले खरिद गरेका र हस्तान्तरण भई आएका विभिन्न प्रकारका औषधिहरुमध्ये मेट्रोन्जाजोल लगायत १० प्रकारका औषधिको परीक्षण गर्दा कार्यालयले गत विगतमा खरिद भएको औषधि तथा हस्तान्तरण भई आएका औषधिहरु जिम्मेवारी सार्दै आएको र यस वर्ष खरिद एवं हस्तान्तराण भई आएका औषधिहरु नछुट्टाई एकै ठाउँमा भण्डार गरेको कारण खरिद गर्दाको अवस्थामा १८ महिना वा सेल्फ लाईफको ७५ प्रतिशत म्याद रहे नरहेको सम्वन्धमा एकिन हुन सक्ने अवस्था रहेन । अत गत वर्षको खरिद तथा हस्तान्तरण भई आएका औषधि र यस वर्ष खरिद तथा हस्तान्तरण भएका औषधि अलग अलग छुटिने गरी भण्डार गर्नु पर्ने र म्याद सकिनु अगावै उपयोग गरी सक्ने गरी वितरण को व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

९. **औषधिको प्रारम्भिक जाँच** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११५ वमोजिम सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक, स्पेसिफिकेशन र गुणस्तर वमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गराउनु पर्ने तथा स्वास्थ्य सेवा विभाग प्राथमिक स्वास्थ्य सेवा पुनरजागरण महाशाखा अन्तरगत जिल्लामा सञ्चालन हुने कार्यक्रम निर्देशिका अनुसार खरिद भएका औषधिहरु डब्लु.एच्.ओ. जि.एम्.पी. कम्पनीहरुबाट उत्पादीत औषधि भए नभएको तथा गुणस्तर युक्त छ भनी प्राविधिक पुष्टाई हुनु पर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष खरिद गरेका औषधिहरुको प्राविधिक बाट औषधिको उत्पादन मिति र म्याद समाप्त हुने मिति, खरिद भएका औषधि तथा सर्जिकल सामानहरु स्टोर दाखिला गर्न पूर्व सम्झौता वमोजिम तोकिएको परिमाण, मूल्य, उत्पादक कम्पनी, उत्पादन मिति, म्याद समाप्ती, टुटफुट, डब्लु.एच.ओ. जि.एम.पी. कम्पनीबाट उत्पादन भै गुणस्तर युक्त भए नभएको लगायतका विषयमा प्राविधिक जाँच गरी समग्र व्यहोरा खोली निरिक्षण प्रतिवेदन तयार गरेको देखिएन । अतः कार्यक्रम निर्देशिका

तथा आर्थिक कार्यविधि नियमावलीको पालना गरी खरिद भएको औषधिको प्राविधिक जाचँ हुनुपर्दछ ।

१०. **बजेट तथा कार्यक्रमगत खाता** : स्वीकृत बार्षिक कार्यक्रम अनुसार स्वास्थ्य व्यवस्थापन, बाल स्वास्थ्य आमा सुरक्षा, कुष्ठरोग, क्षयरोग, महामारी नियन्त्रण आदि कार्यक्रम संचालनको लागि क्रियाकलापगत रुपमा रु ३ करोड १८ लाख १८ हजार ३ सय ३३ बजेट बिनियोजन भएको तर रकम खर्च गर्दा स्वीकृत तालिमहरुमा आबश्यक पर्ने तालिम सामाग्री, खाजा खर्च, प्रशिक्षक भत्ता र अन्य तालिम संचालन खर्चको लागत अनुमान र सो बमोजिम बास्तविक खर्चको तुलनात्मक विबरण सहित कार्यक्रम अनुसारको खाता राखेको नपाईएकोले कुन कुन कार्यक्रममा के कति खर्च भयो यकिन गरी विश्लेषण गर्न सकिएन । अत: क्रियाकलापगत रुपमा कार्यक्रम खाता राखी खर्च रकमलाई कानुन सम्मत र पारदर्शी बनाउनुपर्दछ ।

११. **इन्धन खर्चको मापदण्ड :** नेपाल सरकार(मन्त्रीपरिषद) बाट २०६८।०५।३० मा स्वीकृत भएको सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका, २०६८ को बुदा नं. ७७ मा सबै सवारी साधनको अवस्था र क्षमता हेरी सवारी साधनको प्रति कि.मि. हुने इन्धनको खपतको मापदण्ड तयार गरी लागु गर्नुपर्ने र बुदा नं. ७८ मा मापदण्ड तयार भएपछि मापदण्डभन्दा बढी भएको खर्च सम्बन्धित प्रयोगकर्तासंग असुल उपर गरिने व्यवस्था छ । कार्यालयले सो अनुसार इन्धन खर्चको मापदण्ड तयार नगरी रु. ३ लाख ४० हजार ७९८ खर्च लेखेको छ । तसर्थ इन्धनको मापदण्ड तयार गरी उक्त मापदण्ड अनुसार इन्धन खर्च लेख्नुपर्दछ ।

१२. **चाडपर्व खर्च** : निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० मा कर्मचारीहरुको मुख्यचाडपर्वमा १ महिनाको तलव चाँडबाँड खर्च वापत भुक्तानी दिने व्यवस्था छ । नयां नियुक्ती भएका ११ कर्मचारीहरुले आफ्नो मुख्य चाँड स्पस्ट नखुलाई अभिलेख बेगर मार्ग महिनामा रु २ लाख ४ हजार ६७० भुक्तानी लिएको देखियो । यसरी भुक्तानी गर्दा निजहरुलाई आगामी बर्ष देखिपनि सेवा अवधिभर यसै महिनामा भुक्तानी गर्ने गरी अभिलेख जनाएको पाईएन । यस सम्बन्धमा २०७३ बाट दशैको अवसरमा निजहरुको चाँडबाड खर्च भुक्तानी गरीएको र सोहि बमोजिम अभिलेख राखिएको कार्यालयबाट जानकारी प्राप्त भएको छ । अत: दशै अगाबै भुक्तानी भएको उक्त रकम निजहरुबाट असुल गर्नुपर्दछ ।

१३. **अन कल भत्ता :** चिकित्सकहरुलाई २४ सै घण्टा काम गरेको भनि शत प्रतिशत भत्ता भुक्तानी भएको छ । यसरी रकम भुक्तानी गर्दा आकस्मिक सेवामा काम गरेको समय, आकस्मिक सेवामा भर्ना भएका बिरामी संख्या, एक जना बिरामीको लागि रोगको अवस्था अनुसार आवश्यक पर्ने समय आदिको अधारमा नर्मस तयार गरी सो को अभिलेखको आधारमा रकम भुक्तानी गर्नुपर्नेमा खर्च पुष्टि हुने आधर र प्रमाण बेगर भुक्तानी लिएको रु.९ लाख २५ हजार ४५८ नियमित देखिएन । विरामीको भर्ना चाप जटिल रोग समेतलाई ध्यानमा राखी नर्मस वनाई चिकित्सकलाई अतिरिक्त समय सेवा प्रदान गरेको आधारमा मात्र थप सुविधा दिनुपर्ने देखिन्छ ।

१४. **मूल्य अभिवृदि करमा दर्ता** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम रु.५ हजार भन्दा बढीको कुनै खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले बस भाडा र कार्यालय सामान खरिद बापत रु ४ लाख ७७ हजार रकम भुक्तानी गर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त नगरेका बिभिन्न

व्यक्तिहरुको भरपाईको आधारमा खर्च लेखेको देखियो । ऐन नियमले निर्दिष्ट गरे बमोजिमका बिल बिजकहरु संलग्न गरेर मात्र यस किसिमको रकम भुक्तानी गर्नुपर्दछ ।

१५. **सोझै खरिद** : सार्वजनिक खरिद ऐन, २०६४ को दफा ८ मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था छ । साथै सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा सोझै खरिद गर्दा एउटै आपुर्तिकर्ता बाट एक बर्षमा एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था छ । कार्यालयले रु १० लाख ६७ हजारको सर्जिकल तथा अन्य उपकरण सोझै खरिद गर्दा लिखित रुपमा कोटेशन माग नगरेको, प्राप्त कोटेशनहरु कार्यालयमा दर्ता नभएको र लागत अनुमान स्वीकृत समेत नगरी खर्च लेखेकोले नियमित देखिएन ।

१६. **खर्च प्रमाणित** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार खर्च भएको सवै रसिद, विल भरपाईमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्ने व्यवस्था रहेकोमा रु.७९ लाख ९३ हजारको खर्चको परीक्षण गर्दा कार्यालयले सो नियमको पालना गरेको देखिएन । नियममा भएको व्यवस्था अनुसार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१७. **औषधि तथा स्वास्थ्य उपकरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५२ अनुसार जिन्सी मालसामानको श्रेस्ता महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत गरेको ढाँचामा महालेखा नियन्त्रकको कार्यालयवाट तयार गरेको निर्देशिका बमोजिम राख्नुपर्ने व्यवस्था छ । बिभिन्न ५१ स्वास्थ्य संस्थालाई हस्तान्तरण भएको औषधि तथा उपकरणहरु ती संस्थाको जिन्सी किताबमा आम्दानी बाँधी उपकरणहरु स्वास्थ्य संस्थामा उपयोग गरेको तथा औषधिहरु भर्ना भएका बिरामीहरुलाई बुझाएको प्रमाण सहितको अभिलेख कार्यालयले राखेको छैन ।

१८. **भ्रमण खर्च** : भ्रमण खर्च नियमावली, २०६४ को नियम मा भ्रमण किफायती हुनुपर्ने व्यवस्था छ । बाल स्वास्थ्य महाशाखा अन्तर्गत समुदायमा आधारीत ६ दिनको नवजात शिशु तथा बाल रोगको एकिकृत तालिममा सहभागी मातहत ५१ स्वास्थ्य संस्था अन्तरगतका कर्मचारीहरुलाई तालिम अवधि र यातायात पुगेको स्थानबाट सदरमुकाम आउन जान लाग्ने समयावधि भन्दा बढी अवधिको दैनिक भत्ता भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.३ लाख ४८ हजार २४० कार्यालयबाट यकिन गरी असुल गर्नुपर्दछ ।

१९. **बिल भरपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले महिला स्वास्थ्य स्वयं सेविकाहरुको समिक्षा बैठकको लागि ५१ संस्थालाई प्रति संस्था रु.१४ हजार ३१५ का दरले रु.७ लाख ३० हजार ६५ स्वास्थ्य संस्थाको खातामा नपठाई संस्थाका ईन्चार्जहरुलाई नगदै बुझाएकोमा सम्बन्धित ईन्चार्जहरुले समिक्षा बैठकमा भएका खर्चको बिल भरपाई पेश नगरी खर्च लेखेको देखियो ।

## दुर्गम क्षेत्र विकास समिति

१. **आन्तरिक नियन्त्रण प्रणाली** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ बमोजिम आन्तरिक कार्यविधि तयार गरी कार्य प्रकृयालाई व्यवस्थित गर्ने, ऐन नियम पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित बनाउनुपर्नेमा खरिद योजना, कार्य सम्पन्न प्रतिवेदन, कार्य बिबरण तथा जिन्सी व्यवस्थापन सम्बन्धी कार्य कानुन बमोजिम प्रभाबकारी रुपमा पालना गरेको छैन ।

२. **चौमासिक खर्च** : समितिको पूँजीगत शीर्षकमा रु.३९ लाख ८७ हजार खर्चमध्ये प्रथम र दोस्रो चौमासिकमा कुनै रकम खर्च हुन नसकी तेस्रो चौमासिकमा शतप्रतिशत खर्च भएको छ । आषाढ महिनामा मात्र रु.३४ लाख ५९ हजार (८७ प्रतिशत) खर्च भएको छ ।

३. **भार परीक्षण** : खर्च गर्ने अख्तियारी बमोजिम झोलुङ्गे पुलको गुणस्तर सुनिस्चित गर्नको लागि भार परीक्षण गर्नु गराउनुपर्ने उल्लेख छ । समितिले दुर्गम एवं विशेष क्षेत्र विकास कार्यक्रम अन्तरगत यो वर्ष सञ्चालन गरेका ६ क्रमागत योजना अन्तर्गतका पुलमध्ये २ पुलको निर्माण कार्य सम्पन्न गरेकोमा पुलको भार परीक्षण नगरेको र भार परीक्षणको लागि आवश्यक प्राविधिक सहयोग जुटाइदिन तालुक निकायमा लेखी पठाएको छैन । साथै उक्त पुलहरु उपभोक्ता समितिलाई हस्तान्तरण समेत गरेको छैन । समितिले यो वर्ष उक्त पुलहरुमा उपभोक्ता समितिको अंश कटाई रु. २७ लाख ९८ हजार ८८२ खर्च गरेको छ । अतः उक्त पुलको भार परीक्षण गरी हस्तान्तरण गर्नुपर्दछ ।

## महिला तथा बालबालिका कार्यालय

१. **अनुगमन** : कार्यालयले विभिन्न ५ गाउँ विकास समिति का महिला समुहहरुलाई व्यवसाय स्थापना वापत वस्तुगत टेवा कार्यक्रम अन्तर्गत बाख्रा पालन गर्न प्रतिव्यक्ति रु.४ हजार ५०० का दरले रु.५ लाख ४ हजार वितरण गरेकोमा स्वीकृत कार्यक्रम बमोजिम लक्ष्य प्राप्ति भए नभएको सम्बन्धमा कार्यालयबाट अनुगमन हुनुपर्दछ ।

२. **वित्तीय विवरण** : बाल संरक्षण समितिमा गत वर्षको जिम्मेवारी रु.६लाख ९९ हजार ८०८ तथा यस वर्ष कार्यालयले अनुदान दिएको रु.५० हजारको वित्तीय विवरण तयार गरेको छैन ।

## शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ बमोजिम आन्तरिक कार्यविधि तयार गरी कार्य प्रकृयालाई व्यवस्थित गर्ने, ऐन नियम पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित बनाउनुपर्नेमा कार्यालयले कार्य विवरण, नापि किताब, जिन्सी व्यवस्थापन तथा बिलभरपाई सम्बन्धी कार्य कानुन बमोजिम प्रभाबकारी रुपमा पालना गरेको छैन ।

२. **करार सेवाको भुक्तानी** : सार्वजनिक खरिद ऐनको, दफा ८ तथा नियमावली, २०६४ को नियम ९५ विपरीत गत बिगत बर्षदेखि नै कार्यरत विभिन्न ३ कर्मचारीसँग रु.१ लाखभित्रको लागत अनुमान तयार गरी सोझै बार्ताबाट खरिद गरी रु.४ लाख ६७ हजार भुक्तानी गरेको छ ।

३. **चौमासिक खर्च** : कुल पूँजीगत खर्च रु.१६ करोड ९३ लाख ३४ हजार खर्च गरेकोमा प्रथम चौमासिकमा रु.३५ लाख १७ हजार(२ प्रतिशत), दोस्रो चौमासिकमा रु.३ करोड ९ लाख ६३ हजार (१८ प्रतिशत) र तेस्रो चौमासिकमा रु.१३ करोड ४८ लाख ५४ हजार (८० प्रतिशत) खर्च गरेको छ भने आषाढ महिनामा मात्र रु.९ करोड १० लाख १५ हजार (६७ प्रतिशत) खर्च गरेको पाइयो ।

४. **ठेक्का प्रतिस्पर्धा** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ बमोजिम आपसमा मिलेमतो गरी दाखिला भएको बोलपत्र उपर कारबाही गर्न नहुने व्यवस्था छ । लेखापरीक्षणमा प्रेषित बोलपत्र बिवरण अनुसार एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रमतर्फ ५ ठेक्काको लागि ९ बोलपत्र बिक्री तथा दाखिला भएको छ । २ ठेक्कामा एक एक, दुई ठेक्कामा दुई दुई र एक ठेक्कामा तीन बोलपत्र बिक्री तथा दाखिला भएको छ। उक्त निर्माण ठेक्काको लागत अनुमान र स्वीकृत ठेक्का अंक बिच तुलना गर्दा ३ ठेक्कामा लागत अनुमानको तुलनामा ०.५६ देखि २.६८ प्रतिशतसम्म घटी अंकमा

कार्य गराएको छ भने २ ठेक्कामा ५.६३ र १४.४३ प्रतिशत रहेबाट वित्तीय प्रस्ताव बीच पर्याप्त मात्रामा प्रतिष्पर्धा भएको पाईएन ।

५. **एज विल्ट नक्सा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज विल्ट) नक्सा पेश नगरेकोले सोबापत भुक्तानी भएको रु.१ लाख ८७ हजार सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ ।

६. **जमानत दाखिला** : आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७७ मा पेश्की दिनुपर्ने ठेक्काका कवुलियतनामा गर्दा काम पूरा हुनुपर्ने भनी तोकिएको म्यादभित्र काम पूरा नभई पेश्की बाँकी रहन गएमा त्यस्तो पेश्की रकमको म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले सावा र व्याज समेत बुझाउनुपर्ने कुरा कवुलियतनामको शर्तमा उल्लेख गर्नुपर्ने व्यवस्था छ । ठेक्का नं. ५।०६७।०६८मा खबाङ स्वास्थ्य चौकी भवन निर्माण कार्यका निर्माण व्यवसायीलाई सम्झौता अनुसार उपलब्ध गराएको मोविलाइजेशन पेश्कीमध्ये गत विगतदेखि नै फछ्र्यौट गर्न बाँकी रहेको पेश्की रु.९ लाख ९ हजार सम्झौताका सर्तअनुसार समयमा काम सम्पन्न नगरी विचैमा छोडेकोले डिभिजनले निजले राखेको बैंक जमानत प्राप्त गरी धरौटी खातामा राखेकोले उक्त रकममा १० प्रतिशतले व्याज समेत दाखिला हुनुपर्दछ ।

७. **धरौटी जफत** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ मा निर्माण व्यवसायीले खरिद सम्झौताको उल्लङ्घन गरेमा सार्वजनिक निकायलाई प्राप्त हुने उपचार खरिद सम्झौतमा उल्लेख गर्नुपर्ने, उपदफा २ को खण्ड (घ) मा सम्झौताको अन्त्य गर्ने र सम्झौता बमोजिमको काम नगर्ने निर्माण व्यवसायीको खर्चमा त्यस्तो काम सम्पन्न गराउने उल्लेख छ । ठेक्का नं. ५।०६७।६८ खबाङ स्वास्थ्य चौकी भवन निर्माण कार्यका निर्माण व्यवसायीलाई सम्झौता अनुसार रु.७७ लाख ८८ हजार ६९५ को काम दिएकोमा निर्माण व्यवसायीले जम्मा रु.५३ लाख ५२ हजार ९८१ को काम सम्पन्न गरेकोले काम सम्पन्न गरेको छ भने रु.२४ लाख ३५ हजार ७१४ को काम गर्न बाँकी देखिन्छ । ठेक्काको म्याद समाप्त भइसकेता पनि निर्माण कार्य सम्पन्न नगरी खरिद सम्झौताका प्रावधानहरु पालना नगरेकोले उक्त नियमावलीको नियम १४१ बमोजिम निज निर्माण व्यवसायीलाई कालोसूचीमा राखी खरिद सम्झौता अन्त्य गरी बाँकी रहेको काम सम्पन्न गर्नको लागि निजको धरौटी जफत गरी वा निज निर्माण व्यवसायीबाट बाकी रहेको काम रु.२४ लाख ३५ हजार ७१४ असुल गरी काम सम्पन्न गर्नुपर्दछ ।

८. **असम्बन्धित खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा रकम स्वीकृत वजेट भित्र र सम्बन्धित खर्च शिर्षकमा पर्दछ र खर्च गर्न बांकी छ भने मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । डिभिजनले ठे.नं. १३।०७०।७१ को भवन निर्माण ठेक्काको बि.ओ.क्यू.बाट पूँजीगत सुधार बजेट खर्च शीर्षकबाट खरिद गर्नुपर्ने प्रकृतिको ल्यापटप, कम्प्यूटर, फोटोकपी मेसिन, ट्याबलेट लगायतको आइटम समावेश गरी उक्त नियम तथा कार्यक्रम विपरीत रु.११ लाख ५४ हजार ५६३ भुक्तानी दिई खर्च लेखेको छ । निर्माणकार्यको लागतमा वृद्धि हुने गरी पूँजीगत सामग्रिहरु खरिद गर्ने वा भाडामा लिने कार्य कानुन विपरीत देखियो । यस सम्बन्धमा छलफल गर्दा गत बिगतको ठेक्काहरुमा यस किसिमको आईटमहरु समाबेश गरी सम्झौता गरीएको कारण सम्झौता बमोजिमको रकम भुक्तानी दिईएको र नयां ठेक्काहरुमा यस किसिमको आईटमहरु समाबेश नगरीएको डिभिजन प्रमुखबाट जानकारी प्राप्त भएको छ ।

९. **बैक कमिसन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा यस नियमावली बमोजिम खर्च गर्दा खर्चको बिल भर्पाइ सहित लेखा राख्नुपर्ने तथा उपदफा ८ मा कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। डिभिजनले २ निर्माण व्यवसायीलाई आफैले व्यहोर्नुपर्ने कार्य सम्पादन जमानतको कमिसन वापत रु. ११४३३३।- लाई प्रोभिजनल सम आइटममा समावेश गरी भुक्तानी भएकोले त्यस्तो रकम भुक्तानी दिन मिल्ने आधार नदेखिदां निज निर्माण व्यवसायीबाट सो रकम असुल हुनुपर्दछ ।

१०. **नगर विकास समितिको कारोवार** : नगर विकास निर्देशिका, २०६९ बमोजिम ६ नगर विकास समिति गठन भएको देखिन्छ । जसमध्ये लिबाङ बाहेक अन्य नगर विकास समितिहरुमा कुनै पनि आर्थिक कारोबार नभएकोले गठित नगर विकास समितिहरुलाई क्रियाशिल बनाई उद्देश्य अनुरुपको लक्ष्य प्राप्त गर्ने दिशामा अग्रसर हुनुपर्ने देखिन्छ ।

११. **मूल्य समायोजन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ को उपनियम (१) मा सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने र मूल्य समायोजनको व्यवस्था गर्दा उपनियम (२) अनुसार गर्नुपर्ने व्यवस्था छ। सम्झौताको शर्तमा पेश्की रकम समेतमा मूल्य समायोजन वापतको रकम भुक्तानी दिने प्राबधान राखिएको कारण मूल्य वृद्धि हुनु पूर्वनै निर्माण व्यवसायीलाई प्रदान गरिएको मोबिलाईजेशन पेश्की समेत कट्टी नगरी मूल्य समायोजनको रकम प्रदान गरीएको छ । अग्रिम रुपमा भुक्तानी भएको रकममा समेत मूल्य समायोजन प्रदान गर्ने कार्य मनासिब देखिएन । एक निर्माण व्यवसायीलाई मूल्य समायोजन दिँदा कुल बिल रकम रु.१ करोड ३८ लाख ४१ हजार ८२१ मा पेश्की बाँकी रहेको रु.११ लाख ६० हजार घटाई हुन आउने रु.६ लाख ४४ हजार ५२८ मूल्य समायोजन दिनुपर्नेमा पेश्की नघटाई रु.७ लाख १ हजार ५४७ भुक्तानी हुंदा रु.५७ हजार ११९ बढी भुक्तानी भएको देखियो ।

१२. **सामाजिक सुरक्षा कर** : आर्थिक ऐन, २०७२ बमोजिम सबै किसिमको पारिश्रमिक भुक्तानीमा १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । डिभिजन कार्यालयसँग सम्झौता गरी निर्माण कार्यमा संलग्न १० उपभोक्ता समितिले सुपरभाइजर तथा कामदारहरुलाई भुक्तानी गरेको पारिश्रमिक रु.१ करोड ९३लाख ६६ हजार ३८४ को १ प्रतिशतले हुने कर रु.१ लाख ९३ हजार ६६३ कट्टी भएको नदेखिएकोले सो रकम असुल हुनुपर्दछ ।

१३. **पेश्की बाँकी** : विभिन्न ४ निर्माण व्यवसायीलाई उपलब्ध गराएको मोबिलाइजेशन पेश्की रु.५५ लाख ८१ हजार आर्थिक वर्षको अन्त्यसम्म पनि पछ्र्यौट नभएकोले सार्वजनिक खरिद नियमावली, २०६४ तथा सम्झौता बमोजिम असुल फछ्र्यौट हुनुपर्दछ।

१४. **धरौटीतर्फ** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६६ बमोजिम प्रयोजन सकिएको पुरानो धरौटी रु.७० हजार १३५ प्रक्रिया पुरा गरी सदरस्याहा गर्नुपर्दछ ।

१५. **स्थलगत निरीक्षण** : लेखापरीक्षणको कममा निर्माणाधिन कोट गाउ स्वास्थ्य चौकी भवनको निरीक्षण गर्दा भऱ्याङको उचाई ५.५ फिटमात्र देखिएको र औसत उचाई भएको मानिस पनि सहज ढंगले प्रयोग गर्न कठिनाई हुने अवस्था देखियो । निर्माणाधिन सबै भवनहरुको डिजाईन एकै किसिमको भएकोले अन्य स्वास्थ्य चौकीहरुको समेत भऱ्याङको एकै समस्या देखिएकोले छानबिन गरी ड्रईङ्ग तथा डिजाईनमा संलग्न परामर्शदाता तथा कर्मचारीहरुलाई जिम्मेवार बनाई कारबाही गरिनुपर्दछ । साथै सो स्वस्थ्य चौकी भवनको १६.१५ बर्ग मिटर जालि खापा सालको राख्नुपर्नेमा स्थानीय

कमसल जातको काठ राखेको देखिएकोले अन्य स्वास्थ्य चौकि भवनको समेत छानबिन गरी सम्झौता बमोजिम कार्य गराउने वा सो कार्यको रकम हिसाब गरी असुल गर्नुपर्दछ ।

## शहिदमार्ग सडक योजना

१. **आन्तरिक नियन्त्रण प्रणाली** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ बमोजिम आन्तरिक कार्यविधि तयार गरी कार्य प्रकृयालाई व्यवस्थित गर्ने, ऐन नियम पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित बनाउनुपर्नेमा कार्यालयले खरिद योजना, कार्य विवरण, नापी किताब, जिन्सी व्यवस्थापन, रोड ईन्भेन्ट्री, वातावरणीय परीक्षण, पूर्वयोग्यता निर्धारण सम्बन्धी कार्य कानुन बमोजिम प्रभाबकारी रुपमा पालना गरेको छैन ।

२. **खर्चको तुलनात्मक स्थिति** : सडक तथा पुल पुलेसा निर्माणको मुख्य क्रियाकलाप समावेश भएको ३ बजेट शीर्षकबाट कुल खर्च रु.४० करोड ३४ लाख ३० हजारको तेस्रो चौमासिकमा ५७.३७ प्रतिशत र आषाढ महिनामा मात्र ३६.०२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी अन्तिम चौमासिकमा अधिकांश रकम खर्च गर्दा हतारमा काम भई गुणस्तरमा कमी आउने र लागतमा वृद्धि हुने अवस्था रहन्छ । नियमानुसार सन्तुलित ढङ्गले चौमासिक रुपमा कार्यक्रमहरु सञ्चालन गरी खर्च गर्नुपर्दछ ।

३. **गुणस्तर सुनिश्चितता** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा निर्माण कार्यको लागत अनुमान तयार गर्नु पर्ने, दफा ८ मा खरिद कार्य बोलपत्र/दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने उल्लेख छ । योजनाले यस वर्ष सम्झौता गरेका १७ ठेक्कामा लागत अनुमानको तुलनामा १.६२ देखि ५७.१८ प्रतिशतसम्म घटीको बोलपत्र स्वीकृत भएको र तोकिएको गुणस्तर र परिमाणमा काम सम्पन्न भएको भनी कार्यालयले स्वीकार गरे तापनि गुणस्तर सुनिश्चितताको लागि फ्रिक्वेन्सी परीक्षण गरी प्रतिवेदन लिएको छैन ।

४. **ठेक्का व्यवस्था** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० मा लागत अनुमान तयार गर्ने तथा ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्नेमा यस वर्ष जम्मा १७ ठेक्का सम्झौता भएको मध्ये प्रथम चौमासिक अवधिमा ११.७७ प्रतिशत, दोश्रो चौमासिकमा ३५.२९ प्रतिशत र तेस्रो चौमासिकमा ५२.९४ प्रतिशत र आषाढ महिनामा मात्र ४१.१७ प्रतिशत ठेक्का सम्झौता भएको देखियो । यसरी नियमावलीमा व्यवस्था भए बमोजिमको पहिलो चौमासिक भित्र कार्यालयले अधिकांस ठेक्का सम्झौता नगरी दोस्रो र तेस्रो चौमासिकमा व्यवस्था गरेकोछ । समयमा ठेक्का व्यवस्था नभएको कारण पहिलो र दोस्रो चौमासिकमा कार्यक्रम सञ्चालन हुन नसकी अधिकांश रकम तेस्रो चौमासिकमा खर्च भएको छ । यसबाट निर्माण कार्यको समय र लागतमा वृद्धि हुने अवस्था आई गुणस्तर नियन्त्रणमा समेत कठिनाई हुनेतर्फ ध्यान दिनुपर्दछ ।

५. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची–१ मा उल्लेख भए अनुसार निर्माण कार्यको छुट्टा छुट्टै कन्टीन्जेन्सी खाता राख्नुपर्नेमा कार्यालयले कन्टिन्जेन्सी खर्चको छुट्टै खाता राखेको पाइएन । यो आर्थिक वर्षको कन्टिन्जेन्सी खर्च रु.१ करोड ३० लाख ६६ हजार रहेको छ । उक्त रकम मध्ये कार्यालय सञ्चालन खर्च रु.५७ लाख १७ हजार सोझै खरिद गरी भुक्तानी दिएको छ । कन्टिन्जेन्सी बापतको २.५ प्रतिशत रकम पूँजीगत खर्च गर्नुपर्ने व्यवस्था अनुसार सडक विभागको परिपत्र बमोजिम विभिन्न यान्त्रिक उपकरणहरु र गाडी खरिद गर्न अर्थ मन्त्रालयबाट समेत सहमति प्राप्त भई आए बमोजिम रु.२० लाख सडक विभागमा पठाएकोमा सोको कार्य प्रगति पेश भएको छैन । आर्थिक ऐन, २०७२ मा जुनसुकै प्रकारको पारिश्रमिक भुक्तानीमा १

प्रतिशत सामजिक सुरक्षा कर कट्टी गर्नुपर्नेमा योजनाले सडक सुपरभाईजरहरुको ज्यालामा खर्च लेखेको रु.१९ लाख २ हजार र पैऱ्हो सफा गर्ने तथा यतायत सञ्चालनमा संलग्न श्रमिकहरुको पारिश्रमिक रु.३१ लाख ४८ हजार ६८० समेत जम्मा रु.५० लाख ९० हजार ६८० मा १ प्रतिशतले हुने सामजिक सुरक्षाकर रु.५० हजार ९०६ कट्टी गरेको छैन । दैनिक तथा भ्रमण खर्च लेखेको रु.१० लाख ८२ हजारको अधिकांश भ्रमण अदेशमा सरकारी काम भनी उल्लेख गरी कार्यरत कर्मचारीहरुलाई भ्रमण बिलको आधारमा भुक्तानी भएको छ । कन्टिन्जेन्सी खर्च लेख्दा योजनागत रुपमा स्पस्ट खुलाई योजनाको शुरुदेखि हालसम्म भएको खर्च देखिने अभिलेख राखेको छैन । यसबाट तोकिए बमोजिम शुरु लागत अनुमानको ५ प्रतिशतको सिमाभित्र रही खर्च गरे नगरेको यकिन गर्न सकिएन । योजनाले यस बर्षको खर्चलाई मात्र आधार मानी कन्टिन्जेन्सीमा खर्च लेखेको पाईयो ।

६. **भेरिएशन आदेश** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ को उपदफा (१) तथा सोही नियमावलीको नियम ११८ बमोजिम खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई अधिकार प्राप्त अधिकारीले तोकिएको प्रतिशतसम्मको भेरिएशन आदेश जारी गर्नसक्ने व्यवस्था छ । साथै व्यवस्थापिका संसद, सावर्जनिक लेखा समितिको मिति २०७१।०८।२५ को निर्णय/निर्देशन न.८ मा भेरिएशन अर्डर दिनैपर्ने स्थिति आएमा यस्तो स्थिति आउनाको स्पष्ट कारण खोली भेरिएशन आदेश दिई कार्य गर्ने गराउने, यसो गर्नुपर्दा शुरुको लागत अनुमान तयार गर्ने, डिजाइन तयार गर्ने र स्वीकृत गर्ने सम्बन्धित पदाधिकारीहरु र परामर्शदातालाई कारवाही गर्ने गराउने व्यवस्था गरको छ । एक निर्माण व्यवसायीसँग सम्झौता भई निर्माणाधीन सडक सुधार आयोजना अन्तर्गत घोराही घर्तीगाउ सडक खण्डको निर्माण कार्यमा योजनाले लागत अनुमानका बखत पूर्वानुमान गर्न सकिने र सम्झौता बमोजिमको साईट क्लिरेन्स, रिटेनिङ स्ट्रकचर एण्ड ट्राफिक सेफ्टी जस्ता प्रमुख कार्यहरुमानै भेरिएशन गर्दा मूल्य अभिवृद्धि कर बाहेक थप रु.१ करोड ७३ लाख ३३ हजार २५३ अर्थात ४५.०५ प्रतिशत भेरिएशन गरेको देखियो ।

७. **पूर्व निर्धारित क्षतिपूर्ति** : सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप गर्न सकिने व्यवस्था छ । एक निर्माण व्यवसायीसँग २०१४ जुन ५ मा सडक सुधार आयोजना अन्तर्गत घोराही घर्तीगाउ सडक खण्डको निर्माण कार्य १७ जुन २०१६ मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा शुरु सम्झौता अनुसार कार्य सम्पन्न गर्न असफल भई पहिलो पटक २१५ दिन म्याद थप भएको छ । पहिले पटक म्याद थप भएको ७ महिनाभन्दा बढी अवधिमा समेत निर्माण व्यवसायीले कार्य सम्पन्न गर्न नसकी सडकमा रुख कटान, अतिबृष्टि, बन्द हड्ताल र महाभूकम्पलाई कारण देखाई पुनः १५८ दिन दोस्रो पटक म्याद थप भएको छ । अन्य कारणहरुलाई मनासिब मान्न सकिए पनि लागत अनुमान तयार गर्दा, सम्झौता गर्दा र कार्ययोजना बनाउदाँको बखतनै सडक मार्गमा रहेका रुखहरुको कटान गर्नुपर्ने व्यहोरा अबगत हुन्छ । अतः सम्झौता गर्दाका बखत ज्ञात हुने विषयमा समेत म्याद थप भएको ६० दिनको सम्झौता रकम रु.४० करोड ५३ लाख ८८ हजार ६४३ को ०.०५ प्रतिशत प्रतिदिनका दरले ६० दिनको हुन आउने रु.१ करोड २१ लाख ६१ हजार ६५९ पूर्वनिर्धारित क्षतिपूर्ति रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ ।

८. **मूल्य समायोजन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ विपरीत १ निर्माण व्यवसायीलाई मूल्य समायोजन बापत रु.२० लाख ४७ हजार भुक्तानी भएको देखियो । ठेक्का सम्पन्न भएको कार्यमा मुख्यतया श्रमको ज्याला, उपकरण र सोमा प्रयोग हुने ईन्धन नै प्रभावग्राही

तत्व रहेको हुँदा सोमा के कति दरमा मूल्य घटी बढी भयो र कार्य परिमाणका आधारमा खपत भएका मूल्य संरचनाको तत्वको मूल्य वृद्धि दर/गुणक निकाली मूल्य वृद्धि खर्च लेख्नुपर्ने अर्थात सम्बद्ध सूचकको प्रयोग गर्नुपर्नेमा नेपाल राष्ट्र बैंकको औसत मूल्य वृद्धि सूचकलाई प्रयोग गरेको हुँदा मूल्य वृद्धि खर्च कानुन सम्मत् देखिएन ।

९. **बिज्ञापन खर्च** : एक विज्ञापन एजेन्सीलाई बिज्ञापन बापत १८० बर्ग सेन्टिमिटरको भुक्तानी दिएकोमा बिज्ञापनले १४३ बर्ग सेन्टिमिटरमात्र कभर गरेको देखिदाँ बढी भुक्तानी भएको रु.३३ हजार ४४८ तथा एक राष्ट्रिय दैनिकलाई १८५ बर्ग सेन्टिमिटरको भुक्तानी भएकोमा बिज्ञापनले १४४ बर्ग सेन्टिमिटरमात्र कभर गरेको देखिदाँ बढी भुक्तानी भएको रु.३७ हजार ६४ समेत जम्मा रु.७० हजार ५१२ बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

१०. **प्रतिस्पर्धा** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ मा मिलेमतो गरी बालपत्र पेश गरेको देखिएमा रद्ध गर्न सकिने व्यवस्था छ । योजनाले थवाँग खोला पुल निर्माण कार्यको रु.१२ करोड ९५ लाख ५८ हजार १८७ मा लागत अनुमान तयार गरी बोलपत्र आव्हान गर्दा ३ थान बोलपत्र विक्रि भएकोमा १ थान मात्र दर्ता भएको छ । दर्ता भएको एक निर्माण व्यवाीयीको कबोल अङ्क लागत अनुमान भन्दा १.६२ प्रतिशतमात्र घटीले रु.१२ करोड ७४ लाख ६६ हजार १२० मा सम्झौता भएको छ । ३ थान बोलपत्र विक्रि भए तापनि १ मात्र निर्माण व्यवसायी खरिद प्रक्रियामा सहभागि हुदाँ बोलपत्र व्यवस्थापन प्रतिस्पर्धात्मक र खरिद प्रक्रिया मितव्ययी देखिएन ।

११. **पेश्की** : दुई कार्यालय र चार निर्माण व्यवसायीलाई मुआव्जा बितरण तथा मोविलाइजेशन बापत दिएको रु.३ करोड ४६ लाख ७० हजार पेश्की सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

१२. **करार सेवाको भुक्तानी** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ विपरीत विभिन्न ६ कर्मचारीसँग रु.१ लाख भित्रको लागत अनुमान तयार गरी सोझै बार्ताबाट रु.११ लाख ९५ हजार ९०० भुक्तानी गरेको छ। प्रतिस्पर्धात्मक आधारमा मात्र करारमा कर्मचारी नियुक्ति गर्नुपर्दछ ।

## सिंचाई विकास डिभिजन

१. **अनुगमन प्रतिबेदन** : नेपाल सरकार(मन्त्रीपरिषद) बाट २०६८।०५।३० मा स्वीकृत भएको सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका, २०६८ बमोजिम स्वदेश भित्रको भ्रमणमा खटिने कर्मचारीले भ्रमण गरेको कार्यालयको निरीक्षण पुस्तिकामा निरीक्षणको व्यहोरा उल्लेख नगरेको वा प्रतिवेदन नदिएको वा भ्रमण नै नगरी झुटो प्रतिवेदन दिएको कर्मचारीलाई कारवाही गरिने व्यवस्था छ । कार्यालयले मातहत योजनाहरुको अनुगमन मूल्याङ्कनमा रु.६६ लाख १९७ खर्च गर्दा भ्रमण गरेको प्रतिबेदन पेश गरेको तर निरीक्षण अनुगमन फाराम तयार नगरेको र अनुगमनबाट देखिएका व्यहोराहरु तथा दिईएका सुझाबहरु स्पस्ट खुलासा नगरेको कारण निरीक्षण अनुगमनबाट प्राप्त उपलब्धी एवं त्यसको असर एवं प्रभाबको सम्बन्धमा नतिजा विश्लेषण गर्न सकिएन ।

२. **थप बजेट** : बजेट उपशीर्षक ३५७०१४३ को २०७२।४।१४ मा प्राप्त बजेट खर्च गर्ने अख्तियारी बमोजिम रु.३८ लाख ३ हजार प्रदान गरेकोमध्ये अन्य सेवा शुल्कमा शुरु बजेट रु.४ लाख ५० हजार प्राप्त भएको र २०७२।१०।११ मा थप रु.२ लाख र २०७३।१।१६ मा रु.१ लाख थप गरी रु.७ लाख ५० हजार बजेट कायम भएकोमा रु.३ लाख ६९ हजार ५३५ खर्च भएको छ। शुरु अख्तियारी कै विनियोजित रकम समेत खर्च नभएको अवस्थामा थप रु.३ लाख बजेट माग गर्ने कार्य उचित

देखिएन । यस सम्बन्धमा डिभिजनको माग बेगर बिभागबाट अख्तियारी प्राप्त भएको जानकारी प्राप्त भएको छ । मातहत कार्यालयको माग र आवश्यकताको आधारमा मात्र मन्त्रालय, विभागले खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्दछ ।

३. **जिन्सी व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० बमोजिम जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका चालु हालतमा नरहेका, प्रयोगमा नआउने, जिन्सी मालसामानहरु मर्मत सम्भार तथा लिलाम विक्री गर्नुपर्ने, मूल्य नखुलेको सामानको मूल्य खुलाई राख्नुपर्ने व्यवस्था छ । जिन्सी निरीक्षण प्रतिवेदनमा कतिपय जिन्सी सामानहरुको मूल्य खुलाई नराखेको, सामान लिलाम तथा मर्मत गर्नुपर्ने उल्लेख भएको हुँदा नियममा उल्लेख भएको प्रकृया अपनाई मूल्य खुलाउने, मर्मत तथा लिलामको कारवाही हुनुपर्ने देखिन्छ । कार्यालयको स्वामित्वमा रहेको  जग्गाको जग्गाधनीपुर्जा प्राप्त गरी नराखेको हुदो नियमावलीको नियम ५४ (१) बमोजिम प्रचलित कानुन बमोजिम डिभिजनको नाममा दर्ता गर्नुपर्ने देखिन्छ । कार्यालयको स्वामित्वमा रहेका जिन्सी सामानको सहायक जिन्सी रजिष्टर तयार गरी अद्यावधिक हुनुपर्दछ ।

४. **कार्यविवरण** : निजामती सेवा नियमावली ,२०५० को नियम ९ मा निजामती पदहरुको काम, अधिकार, उत्तरदायित्व, कार्यसम्पादन कार्यसूचकाङ्क र सूचकाङ्कको आधार (श्रोत) सहितको कार्य विवरण कार्यालय प्रमुखले स्वीकृत गरी लागू गर्नुपर्ने उल्लेख छ ।  कार्यालयले कार्यविवरण तयार गरी लागू गरेको छैन ।

५. **दरबन्दी बेगर पदस्थापन** : निजामती सेवा नियमावली, २०५० को नियम ११ मा कुनै पनि कार्यालयमा पद रिक्त नभई वा पद सिर्जना नभई कर्मचारी नियुक्त गर्न नहुने र सो विपरीत कुनै कर्मचारी नियुक्त गरी तलब खुवाएमा त्यसरी खुवाएको तलब रकम नियुक्ति गर्ने अधिकारीबाट असल गरिने व्यवस्था छ । डिभिजनको स्थायी दरवन्दीमध्ये राजपत्रांकित तृतीय श्रेणी, इन्जिनियरको दरवन्दी १ मात्र भई सोको पदपूर्ति भई सकेको अवस्थामा अर्को एक इन्जिनियरलाई सिंचाइ विभागको २०७२।५।११ को निर्णयानुसार यस डिभिजनमा काम काज गर्न खटाई २०७२ श्रावण २२ देखि २०७३ असार मसान्तसम्मको तलव, भत्ता, स्थानीय भत्ता, बिमा, पोशाक गरी जम्मा रु.३ लाख ९२ हजार ६५० खर्च लेखेको पाइयो । दरवन्दी नभएको निकायमा कामकाज गर्न पठाई तलव सुविधा खर्च लेख्ने कार्य कानुन विपरीत देखियो । दरबन्दी बेगर कर्मचारी पदस्थापन गर्ने जिम्मेवार पदाधिकारीलाई निजामती सेवा ऐन, नियम बमोजिमको कारबाही हुनुपर्दछ ।

६. **ठेक्का व्यबस्था** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० बमोजिम पहिलो चौमासिक भित्र कार्यालयले  ठेक्का सम्झौता नगरी २ ठेक्का तेस्रो चौमासिकमा व्यवस्था गरेकोछ । समयमा ठेक्का व्यवस्था नभएको कारण पहिलो र दोस्रो चौमासिकमा कार्यक्रम सञ्चालन हुन नसकि अधिकांश रकम तेस्रो चौमासिकमा खर्च भएको छ । २०७२ भाद्र ११ गते कार्यालय स्थापना भएको कारण प्रथम चौमासिक अवधि कार्यालय व्यवस्थापनमै व्यतित भई समयमा ठेक्का व्यवस्थापन गर्न नसकिएको डिभिजनले जनाएको छ ।

७. **चौमासिक खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ तथा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्राप्त निर्देशन बमोजिम मासिक खर्चको सिमा तोक्नुपर्ने व्यवस्था विपरीत कार्यालयले तेस्रो चौमासिकमा कुल खर्च रु.३ करोड ७ लाख ८३ हजारको ९१.१२ प्रतिशत र आषाढ महिनामा मात्र ६१.८६ प्रतिशत खर्च गरेको छ । यसरी अन्तिम चौमासिकमा अधिकांस रकम खर्च गर्दा हतारमा काम भई गुणस्तरमा कमी आउने र लागतमा वृद्धि हुने अवस्था रहन्छ ।  नियमानुसार सन्तुलित ढङ्गले चौमासिक रुपमा कार्यक्रमहरु सञ्चालन गरी खर्च गर्नुपर्दछ ।

८. **करार सेवाको** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ विपरीत र्भिन्न ३ कर्मचारीसँग रु.१ लाख भित्रको लागत अनुमान तयार गरी सोझै बार्ताबाट रु.३ लाख ६९ हजार ५३५ सेवा खरिदमा भुक्तानी गरेको छ ।

९. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची–१ मा उल्लेख भए अनुसार निर्माण कार्यको छुट्टा छुट्टै कन्टीन्जेन्सी खाता राख्नुपर्नेमा कार्यालयले कन्टिन्जेन्सी खर्चको छुट्टै खाता राखेको पाइएन । निर्माण कार्यको लागत अनुमान तयार गर्दा २.५ प्रतिशत वर्क चार्ज र २.५ प्रतिशत अन्य खर्चमा कन्टिजेन्सी रकम खर्च गर्ने व्यवस्था गरेको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष कन्टिन्जेन्सी वापतको सीमा ५ प्रतिशत भित्र रहेता पनि कार्यालयले गत विगतवाट सञ्चालन गरेको निर्माण कार्यमा भएको कन्टिन्जेन्सी खर्चको अभिलेख नराखेको हुदा कन्टिन्जेन्सी खर्च यकिन गर्न सकिएन । प्रशासनिक कार्य गर्नको लागि चालु खर्च शीर्षकमा अलग्गै बजेट व्यवस्था भएकोमा निर्माणसँग सम्बन्धित कार्यमा मात्र खर्च गर्नुपर्ने कन्टिन्जेन्सीमा भएको खर्च रु.७ लाख ६७ हजार ४२८ बाट सूचना प्रकाशनमा रु.१ लाख २ हजार १५८ को अतिरिक्त प्रशासनिक कार्यमा समेत रु.६ लाख ६४ हजार ८४२ खर्च भएकोले नियमित देखिएन । साथै निर्माण कार्यबाट भएको कन्टिन्जेन्सी खर्चको योजनागत वा प्याकेजवाइज अभिलेख राख्नुपर्नेमा त्यस्तो अभिलेख राखेको नपाइएकोले योजनागत कन्टिन्जेन्सी खर्च भिडान तथा यकिन गर्न सकिएन ।

१०. **कार्यक्रम स्वीकृत** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा कार्यालयको उद्देश्य नीतिगत लक्ष्य र स्वीकृत वजेट अन्तर्गत नियम २३ को अधिनमा रही आफ्नो मन्त्रालय र अन्तरगत सञ्चालन हुने कार्यक्रम मन्त्रालयले स्वीकृत गर्ने र त्यसको जानकारी राष्ट्रिय योजना आयोगलाई दिनुपर्ने व्यवस्था छ । यस डिभिजन कार्यालयले रांक सिंचाइ योजना तथा धम्पा खोला सिंचाइ योजनाको लागि सम्भाव्यता अध्ययननै नभएको भनी शुरुमा स्वीकृत कार्यक्रम बमोजिम बिनियोजित बजेट प्रति योजनाको रु.१० लाखका दरले २० लाख निस्क्रिय गरी सर्भे शीर्षकबाट सम्भाव्यता अध्ययनको लागि रु.४ लाख ८६ हजार खर्च लेखेको छ । संभाव्यता अध्ययन पश्चात योजना स्वीकृत हुनुपर्नेमा योजना स्वीकृत पश्चात संभाव्यता अध्ययनमा खर्च लेख्ने कार्य परियोजना चक्र र कानुन बिपरीत देखियो । साथै प्राप्त अध्ययन प्रतिबेदनहरु खर्च नहुने जिन्सी खातामा आम्दानी बाधी दीर्घकालीन रुपमा उपयोग गर्न सकिने गरी अभिलेख राखेको समेत पाईएन ।

११. **थप व्ययभार** : गोगनपानी  सिंचाई योजनाको रु २ करोड लागत अनुमान भएको निर्माण कार्यको लागि गरिएको बोलपत्र आव्हानमा ६ थान बोलपत्र विक्रि भएकोमा १ थान बोलपत्र मात्र दर्ता भएको छ । दर्ता भएको एक निर्माण व्यवसायीले शुरुमा रु १ करोड ५२ लाख ७६ हजारमा कार्य गर्ने कबोल गरी बोलपत्र पेश गरेकोमा पछि निजको मात्र बोलपत्र परेको र एकल प्रतिस्पर्धाको अवस्थाबाट लाभ लिने मनसायले थप २२ प्रतिशतमा मात्र कार्य गर्न सक्ने भनी संशोधन प्रस्ताब पेश गरेको छ । निजले संशोधन पेश गर्नुपर्ने कारणमा पहिले झुक्किएर कम दररेट उल्लेख गरेको जनाएको छ । निजले कुन आईटममा झुक्किएको हो प्राबिधिक रुपमा पुष्टि हुने प्रमाण सहित संशोधन पेश नगरी बिना आधार २२ प्रतिशत थप गर्नुपर्ने माग दाबि गरेको छ । डिभिजनले यस बिषयमा छानबिननै नगरी  २२ प्रतिशत थप गरी रु १ करोड ८६ लाख ३७ हजारमा सम्झौता गर्दा रु ३३ लाख ६१ हजार बढी व्ययभार पर्न गएको पाईयो ।

१२. **बोलपत्र प्रतिस्पर्धा** : सार्बजनिक खरिद ऐन ,२०६३ को दफा २६ मा मिलेमतो गरी बालपत्र पेश गरेको देखिएमा रद्ध गर्न सकिने व्यवस्था छ । सिंचाई बिकास डिभिजन कार्यालय, रोल्पा परीसरमा

रहेको ग्यारेज, सुरक्षण पर्खाल लगायतका संरचनाहरुको मर्मत सभांर कार्यको रु ६ लाख ९६ हजार ६९३ मा लागत अनुमान तयार गरी सिलबन्दी दरभाउपत्र आव्हान गर्दा १० थान बिक्रि भएकोमा ३ थान मात्र दर्ता भएको छ । दर्ता भएको सिलबन्दी दरभाउपत्र मध्ये सबै भन्दा न्यून कबोल गर्ने एक निर्माण सेवासंग रु.६ लाख ५५ हजार ३८८ (०.५५ प्रतिशत मात्र घटी) मा सम्झौता भएको छ । दरभाउपत्र सम्बन्धी कागजात परीक्षण गर्दा ३ वटै निर्माण व्यवसायीले कृषि बिकास बैक लिमिटेड, रोल्पाको जमानत पेश गरेको छ । पेश भएको जमानतपत्रमा २ निर्माण व्यवशायीको जमानत मिति एकै दिन रहेको र जमानत नम्बर समेत क्रमश ३३२२ र ३३२३ को लगातार भएको देखियो । मिलेमतो भए नभएको सम्बन्धमा कार्यालयले छानबिन नगरी बिना प्रतिस्पर्धा लागत अनुमानकै हाराहारीमा सम्झौता गरी २०७३।३।२४ बाट रु ६ लाख ४८ हजार ४६६ खर्चलेखेकोमा खरिद कार्य मितव्ययी देखिएन ।

१३. **सोझै खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा सार्वजनिक निकायले खरिद विधि छनौट गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम रु.३ लाखसम्म लागत अनुमान भएको मालसामान मौजुदा सूचिमा रहेका कम्तिमा ३ वटा आपूर्तिकर्ता, वा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी सोझै खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले प्रतिस्पर्धा बेगर विभिन्न फर्मबाट मेशिनरी औजार रु.३ लाख ९९ हजार ९८१ तथा फर्निचर तथा फिक्चर्स रु.३ लाख ९४ हजार ८९ टुक्रा टुक्रा गरी जम्मा रु.७ लाख ९४ हजार ७० सोझै खरिद गरेको छ । खरिद भएका सामाग्रीको प्रकाशित मुल्य सूची तथा कारखाना मूल्य खुल्ने प्रमाण पेश नभएको तथा गुणस्तरका सम्बन्धमा स्पेशिफिकेसन खुलाई लागत अनुमान तयार गरेको छैन । अतः ऐन नियमको पूर्णरुपमा पालना गरी प्रतिस्पर्धात्मक मूल्यमा खरिद व्यवस्थापन हुनुपर्दछ ।

१४. **बिल भरपाई** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ बमोजिम खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले २ जल उपभोक्ता समिति मार्फत काम गराई रू ३६ लाख १९ हजार भुक्तानी गर्दा रू १३ लाख २८ हजार प्राप्त बिलभरपाई भन्दा बढी खर्च लेखेको देखियो ।

१५. **खरीद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम रु ५ हजार भन्दा बढीको कुनै सामान खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ओत सिंचाइ र खुमेल सिंचाइ जल उपभोक्ता समितिहरुलाई रकम भुक्तानी गर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त नगरेका ६ व्यक्तिको भरपाईको आधारमा रु.७ लाख ६७ हजार खर्च लेखेको देखियो । ऐन नियमले निर्दिष्ट गरे बमोजिमका बिल बिजकहरु संलग्न गरेर मात्र यस किसिमको रकम भुक्तानी गर्नुपर्दछ ।

१६. **तोकिएको सीमा भन्दा बढीको कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु.६० लाख रुपैयांसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने व्यवस्था छ । डिभिजन कार्यालयबाट गोगनपानी सिंचाइ योजनाको लागि इन्टेक निर्माण ,लाइनिङ्ग,कलभर्ट तथा अन्य कार्यको लागि रु.२ करोड ९१ लाख ८१ हजार ९५६ को लागत अनुमान स्वीकृत भएकोमा कुल लागत अनुमान भित्रको कामलाई अलग अलग ५ टुक्रे प्याकेज तयार गरी प्याकेज नम्बर ४ र ५ को रु २४ लाख ९५ हजार ७७४ लागतको काम उपभोक्ता समितिबाट गराएको देखियो । रु.६० लाखभन्दा बढी

लागत भएका ठुला र जटिल प्रकृतिको काम उपभोक्ता समितिबाट गराउदा कम लागत र उच्च गुणस्तरको कार्य सम्पादन सुनिश्चितता गर्न नसकिने भई सोभन्दा कम लागत अनुमान भएको काम मात्र उपभोक्ता समितिबाट गर्न गराउन सकिने व्यवस्था भएकोमा कुल लागत अनुमान रु. ६० लाखभन्दा बढी देखिएको अवस्थामा एउटै योजनाको कामलाई टुक्रा प्याकेज बनाई उपभोक्ता समितिसगं सम्झौता गरी खर्च लेखेको देखियो ।

१७. **पेश्की बाँकी** : आर्थिक वर्षको अन्त्यसम्म दुई निर्माण व्यवसायीको नाममा बाकी रहेको पेश्की रु.३२ लाख ९० हजार फर्छ्यौट नभई बांकी रहेकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६) बमाजिम असुल फछ्यौट हुनुपर्दछ ।

१८. **समिति मार्फत सामाग्री खरीद** : उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने व्यवस्था छ । डिभिजन कार्यालयले नयां प्रबिधितर्फको रु.१० लाख ६६ हजारको निर्माण सामग्री उपभोक्ता समिति मार्फत प्रतिस्पर्धा नगरी सोझै खरिद गरेको छ। सामग्री खरिद गरी आपूर्तिकर्तालाई रकम भुक्तानी गर्दा समुदायमा रोजगारीको अवस्था सृजना हुने नदेखिएको तथा खरिद कार्य मितव्ययी समेत भएको नदेखिएकोले खर्च रकम कानुन विपरीत देखियो । यस विषयमा छलफल गर्दा आषाढ महिनामा मात्र अख्तियारी प्राप्त भएको र बोलपत्र व्यवस्थापन गर्न समय अभाब भएको कारण समितिसंग सम्झौता गरी खर्च लेख्नुपरेको डिभिजनले जनाएको छ ।

१९. **बजेट बिनियोजन** : योजना मर्मत सम्भारको लागि प्राप्त अख्तियारी तथा कार्यक्रममध्ये देवीस्थान लिफ्ट सिचाइ योजना, पर्वत हांडीचौरको लागि रु.४ लाख वजेट विनियोजन भए तापनि खर्च भएको छैन । यस सम्बन्धमा छलफल गर्दा उक्त योजना रोल्पा जिल्लामा नभएकोले खर्च हुन नसकेको कार्यालयले जनाएको छ। जिल्लामै नभएको योजनाको लागि कार्यक्रम तथा वजेट स्वीकृत भएको सम्बन्धमा छानबिन गरी जिम्मेवार पदाधिकारीलाई कारवाही गरिनुपर्दछ ।

२०. **नागरिक बडापत्र** : सरकारबाट हस्तान्तरित सिचाई आयोजना मर्मत गर्न जल उपभोक्ता समितिको काबु बाहिरको परिस्थिति भएको, विगत ३ वर्ष देखि सहयोग नपाएको, उपभोक्ता समिति सक्रिय भएको तर सिंचाइ आयोजना मर्मत हुन नपाएको अवस्था परी जिल्ला दैवीप्रकोप उद्धार समितिको सिफारिस सहित समितिबाट मर्मतको लागि माग भई निरीक्षणबाट मर्मत गर्नुपर्ने देखिएमा २५ प्रतिशत खर्च समितिले व्यहोर्ने गरी योजनाको वजेटको अवस्था हेरी, बजेट सीमा तोकी खर्च गर्नसक्ने नागरिक बडापत्रमा उल्लेख छ । नागरिक बडापत्रमा उल्लेख भएको उपर्युक्त आधारहरु स्पस्ट हुने प्रमाण संलग्न नराखी तथा लिवाङ पातालखोला सिंचाई कुलो र गजुल कुवापानी सिचाई कूलो मर्मतको लागत अनुमानमा उपभोक्ताले व्यहोर्नुपर्ने अंश २५ प्रतिशतभन्दा न्यून राखी विभिन्न ६ सिंचाइ योजनाका उपभोक्ता समितिलाई रु.१९ लाख ६३ हजार ८८७ भुक्तानी भएको छ । नागरिक बडापत्रमा उल्लिखित प्रकृया पुरा भएपछि मात्र यस किसिमको योजनाको लागि मर्मत संभारमा खर्च गरिनुपर्दछ ।

२१. **सामान दाखिला** : एक पसलको बिल बमोजिम कन्टिन्जेन्सीबाट खरिद भएको रेनकोट लगायतका ६ प्रकारका सामान खरिद गरी रु.३७ हजार ३०० खर्च लेखेकोमा उक्त सामान जिन्सी दाखिला भएको प्रमाण पेश हुनुपर्दछ ।

२२. **उपभोक्ता समितिको खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम कार्यालयबाट उपभोक्ता समिति मार्फत विभिन्न ४ सिंचाई योजनाको निर्माण कार्यमा रु.४५ लाख ४३ हजार खर्च लेख्दा तोकिए बमोजिम प्रस्ताव माग गर्ने, सार्वजनिक सूचना प्रकाशन गर्ने लगायतका प्रकृयाहरु पूरा गरेको पाईएन ।

२३. **इन्धन खर्चको मापदण्ड** : नेपाल सरकार (मन्त्रीपरिषद) बाट २०६८।०५।३० मा स्वीकृत भएको सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका, २०६८ को बुदा नं. ७७ मा सबै सवारी साधनको अवस्था र क्षमता हेरी सवारी साधनको प्रति कि.मि. हुने इन्धनको खपतको मापदण्ड तयार गरी लागु गर्नुपर्ने छ र बुदा नं. ७८ मापदण्ड तयार भएपछि मापदण्डभन्दा बढी भएको खर्च सम्बन्धित प्रयोगकर्तासँग असुल गरिनेछ भन्ने व्यवस्था छ । डिभिजनले सो अनुसार इन्धन खर्चको मापदण्ड तयार नगरी रु.५० हजार खर्च लेखेको छ । तसर्थ इन्धनको मापदण्ड तयार गरि उक्त मापदण्ड अनुसार इन्धन खर्च लेख्नुपर्दछ ।

२४. **मर्मत** : कार्यालयले मर्मत अभिलेख खाता बेगर रु.४० हजार खर्च लेखेको छ । कन्टिन्जेन्सीबाट भएको मर्मत खर्च समेत प्रबिष्ट गरी मर्मत अभिलेख खाता राख्नुपर्दछ ।

२५. **राजस्व** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० मा प्रत्येक कार्यालयले दोहोरो स्रेस्ता प्रणली अनुसार राजस्व स्रेस्ता तोकिएको ढांचामा लेखा अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले राजस्वको स्रेस्ता सो अनुरुप राखेको नदेखिएकोले नियम अनुसार स्रेस्तालाई व्यवस्थित गर्नुपर्दछ ।

२६. **सिंचाइ सेवा शुल्क** : सिंचाइ नियमावली, २०५६ को नियम २९ मा सेवा उपभोग गर्ने उपभोक्ताले सिंचाइ सेवा शुल्क उपभोक्ता संस्थालाई बुझाउने र उपभोक्ता संस्थाले तोकेको प्रतिशतले हुने रकम सिंचाइ डिभिजनमा दाखिला गर्नुपर्ने भए तापनि डिभिजनले सेवा शुल्क कति उठ्नुपर्ने हो त्यसको लगत राखेको छैन । लगत राखी नियमित रुपमा राजस्व असुली गर्ने व्यवस्था हुनुपर्दछ ।

## स्थानीय विकास कोषको सचिवालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ बमोजिम आन्तरिक कार्यविधि तयार गरी कार्य प्रकृयालाई व्यवस्थित गर्ने, ऐन नियम पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित बनाउनुपर्नेमा खरिद योजना, कार्य सम्पन्न प्रतिबेदन, कार्य विवरण, प्रगति प्रतिबेदन तथा जिन्सी व्यवस्थापन सम्बन्धी कार्य कानुन बमोजिम प्रभाबकारी रुपमा पालना गरेको छैन ।

२. **सापटी फिर्ता** : स्थानीय विकास कोषतर्फ जनसवलीकरण कार्यक्रम खातामा सापटी दिएको रु.५ लाख ३० हजार ७४७ आर्थिक वर्षको अन्त्यसम्म पनि फिर्ता नआएकोले फिर्ता प्राप्त गर्नुपर्दछ ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तरगत रहेका ३६ कार्यालय मध्ये ३३ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्पन्न भएको छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदनअनुसार २० कार्यालयको बेरुजू नदेखिएको जनाएको छ । यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका २६ मध्ये निम्न ६ कार्यालयको रु ३,१३,२०,४३३.२३ बेरुजू बाँकी देखिएको छ। आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रकम |
|---|---|---|---|---|
| १ | जिल्ला आयोजना कार्यालय | ३६५८०६८ | एक निर्माणव्यवसायीको नाममा वाँकी रहेको पेश्की फछ्यौंट गराई नराखेको रु | ६०,००,०००.०० |
| २ | जिल्ला कृषि विकास कार्यालय | विभिन्न | विभिन्न ५ वजेट उपशिर्षकवाट विभिन्न १५ कर्मचारी र ४ कृषक समूहको नाममा वाँकी रहेको पेश्की फछ्यौंट गराई नराखेको रु | ५७,०००.०० |
| ३ | जिल्ला प्राविधीक कार्यालय | विभिन्न | विभिन्न ३ वजेट उपशिर्षकवाट विभिन्न ४ निर्माण व्यवसायी ,१ कर्मचारी र १ उपभोक्ता समितिको नाममा वाँकी रहेको पेश्की फछ्यौंट गराई नराखेको रु | ५२,४१,९९४.०० |
| | | ३४९१०२४ | एक निम्न माध्यमिक विधालयलाई दोहोरो भुक्तानी भएको रकम असुल हुनु पर्ने रु | ९३,५७५.०० |
| ४ | जिल्ला प्रहरी कार्यालय | ३१४०१३४ | इलाका प्रहरी कार्यालय घर्तीगाउ भवन निर्माणको कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु | १,४१,८२,७६१.२३ |
| ५ | जिल्ला सरकारी वकीलको कार्यालय | २१६१०१४ | एक निर्माणव्यवसायीको नाममा पेश्की वाकी रु | १२,३०,०००.०० |
| ६ | नापी कार्यालय | ३३६१०६४ | एक निर्माणव्यवसायीको नाममा पेश्की वाकी रु | ४५,१५,१०३.०० |
| | | | **जम्मा** | **३,१३,२०,४३३.२३** |

(सुवर्ण प्रसाद ढकाल)

नायव महालेखा परीक्षक

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरिक्षण अंक

**लेखापरिक्षण बिधि : बिस्तृत** (रु.हजारमा)

| सि. नं. | कार्यालयको नाम | बिनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोबार | जम्मा लेखा परिक्षण अंक |
|---|---|---|---|---|---|---|
| १ | जि.बि.स | | | | ११८४९१९ | ११८४९१९ |
| २ | शहरी बिकास तथा भवन निर्माण | १७५८०५ | ७१० | २२६०४ | ११ | १९९१३० |
| ३ | खानेपानि तथा स.स डिभिजन | ९०५७१ | ७४ | १२५६ | ८६ | ९१९८७ |
| ४ | दुर्गम क्षत्र बिकास समिति | ४५८० | | ३७५ | | ४९५५ |
| ५ | स्थानिय बिकास कोष | | | | ११४१३ | ११४१३ |
| ६ | सिंचाई बिकास डिभिजन | ३४५६५ | ३६ | १५१३ | | ३६११४ |
| ७ | सहिद मार्ग सडक योजना | ४०९२५० | १०३१ | २०३५९ | | ४३०६४० |
| ८ | जि.स्वास्थ्य कार्यालय | १४६४४३ | २४० | १३४४ | ५५९० | १५३६१७ |
| ९ | महिला तथा बालबालिका कार्यालय | १००२७ | २८ | | ३४८८ | १३५४३ |
| १० | जिल्ला शिक्षा कार्यालय | ८१२४२० | ४४०९ | ११८ | १८३९ | ८१८७८६ |
| | **जम्मा** | **१६८३६६१** | **६५२८** | **४७५६९** | **१२०७३४६** | **२९४५१०४** |

**लेखापरीक्षण विधि : आन्तरिकल लेखापरीक्षण र केन्द्रिय आर्थिक विवरणको आधारमा** (रु.हजारमा)

| सि. नं. | कार्यालयको नाम | बिनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोबार | जम्मा लेखा परिक्षण अंक |
|---|---|---|---|---|---|---|
| १. | जिल्ला प्राबिधिक कार्यालय | ७३८५५ | १२७ | २२७० | | ७६२५२ |
| २. | जिल्ला आयोजना कार्यालय | ७३४३ | १२० | ११६३ | | ८६२६ |
| ३. | नापी कार्यालय | १५८५६ | ३१३ | २७० | ६२९ | १७०६८ |
| ४. | जिल्ला प्रहरी कार्यालय | ९४९१५ | ९२८ | १४३८ | ६९९१ | १०४२७२ |
| ५. | जिल्ला सरकारी वकीलको कार्यालय | ५२२० | २७ | ७ | | ५२५४ |
| ६. | जिल्ला कृषि बिकास कार्यालय | ५८९२० | ९७३ | २५९ | १९६ | ६०३४८ |
| ७. | जिल्ला हुलाक कार्यालय | २९४९० | १०९२ | | ५१ | ३०६३३ |
| ८. | जिल्ला पशु सेवा कार्यालय | २९९१२ | १०१ | १७४ | ७९५ | ३०९८२ |
| ९. | जिल्ला भु संरक्षण कार्यालय | १२१८३ | | | | १२१८३ |
| १०. | निर्वाचन कार्यालय | ३४१८ | | १२ | | ३४३० |
| ११. | जिल्ला प्रशासन कार्यालय | २०८५४ | ७२९२ | २४७३ | २७५१६ | ५८१३५ |
| १२. | इलाका प्रशासन कार्यालय घर्तिगाउँ | ६५४ | | | | ६५४ |
| १३. | जिल्ला वन कार्यालय | ३०५७५ | १०५९ | २५८५ | १५१८ | ३५७३७ |
| १४. | खडग दल गण | २२०५१८ | १९९ | २७०२ | | २२३४१९ |
| १५. | कोष तथा लेखा नियन्त्रक कार्यालय | ७६४२ | ४४६१२ | २७ | | ५२२८१ |
| १६. | कारागार कार्यालय | ७१६४ | | २१ | | ७१८५ |
| १७. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | ६९०२ | ५ | ४९७ | | ७४०४ |
| १८. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ५७११ | | ११० | | ५८२१ |
| १९. | रोल्पा जिल्ला अदालत | १०३९७ | ११२३ | १२७९० | | २४३१० |
| २०. | ईलाका प्रहरी कार्यालय उवा | ९८१५ | | | | ९८१५ |
| २१. | ईलाका प्रहरी कार्यालय घर्तिगाउँ | १६३७४ | | | | १६३७४ |
| २२. | ईलाका प्रहरी कार्यालय थवाङ | १३१९८ | | | | १३१९८ |
| २३. | ईलाका प्रहरी कार्यालय पाछ्वाबाङ | १६५०१ | | | | १६५०१ |
| २४. | ईलाका प्रहरी कार्यालय पोवाङ | १२०७८ | | | | १२०७८ |
| २५. | ईलाका प्रहरी कार्यालय सुलिचौर | १९८०६ | २ | | | १९८०८ |
| २६. | ईलाका प्रहरी कार्यालय होलेरी | १६७०५ | | | | १६७०५ |
| | **जम्मा** | **७४६००६** | **५७९७३** | **२६७९८** | **३७६९६** | **८६८४७३** |
| | **कुल जम्मा** | **२४२९६६७** | **६४५०१** | **७४३६७** | **१२४५०४२** | **३८१३५७७** |

# बेरुजुको स्थिति

(रु.हजारमा)

| सि.नं. | कार्यालयको नाम | शुरु बेरुजु | | प्रतिक्रयाबाट फछ्यौट एवं समायोजन | | बाकि दफा र बेरुजु | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नु पर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिकिया बाट | जम्मा |
| १ | जि.बि.स | ६८ | ४९७६३ | ३२ | ० | ३६ | २५०२ | ११२९७ | ३५९६४ | ४९७६३ | ३७० | | ३७० |
| २ | शहरी बिकास तथा भवन निर्माण डिभिजन | १८ | ६२०४ | ३ | ० | १५ | ५५३ | ७० | ५५८१ | ६२०४ | | | |
| ३ | खानेपानी तथा स.स डिभिजन | १४ | ८१ | ३ | ० | ११ | | ८१ | | ८१ | | | |
| ४ | दुर्गम क्षत्र बिकास समिति | ५ | ५३ | २ | ० | ३ | | ५३ | | ५३ | | | |
| ५ | स्थानीय बिकास कोष | ३ | ५३१ | १ | ० | २ | ५३१ | | | ५३१ | | | |
| ६ | सिंचाई बिकास डिभिजन | ३० | १०२७३ | ४ | ७७ | २६ | | ६९०६ | ३२९० | १०१९६ | १० | | १० |
| ७ | शहिद मार्ग सडक योजना | १६ | ७२०५१ | ४ | ० | १२ | १२२८३ | २५०९८ | ३४६७० | ७२०५१ | ३९४ | | ३९४ |
| ८ | जि.स्वास्थ्य कार्यालय | २० | ६४१९ | १ | ० | १९ | ५५३ | ५८६६ | | ६४१९ | | | |
| ९ | महिला तथा बालबालिका कार्यालय | २ | | ० | ० | २ | | | | | २५ | | २५ |
| १० | जिल्ला शिक्षा कार्यालय | ३७ | ५८९९४ | ७ | ० | ३० | १८३ | ५८८११ | | ५८९९४ | ११५ | | १५५ |
| ११ | जिल्ला प्राबिधिक कार्यालय | ५ | ५३३६ | ३ | ० | २ | ९४ | | ५२४२ | ५३३६ | | | |
| १२ | जिल्ला आयोजना कार्यालय | २ | ६००० | १ | ० | १ | | | ६००० | ६००० | | | |
| १३ | नापी कार्यालय | १ | ४२१५ | ० | ० | १ | | | ४२१५ | ४२१५ | | | |
| १४ | जिल्ला प्रहरी कार्यालय | १ | १४१८३ | ० | ० | १ | | १४१८३ | | १४१८३ | | | |
| १५ | जिल्ला सरकारी वकीलको कार्यालय | १ | १२३० | ० | ० | १ | | | १२३० | १२३० | | | |
| १६ | जिल्ला कृषि बिकास कार्यालय | ८ | १२३९ | ६ | ११८२ | २ | | | ५७ | ५७ | | १२९ | १२९ |
| | **जम्मा** | **२३१** | **२३६५७२** | **६७** | **१२५९** | **१६४** | **१६६९९** | **१२२३६५** | **९६२४९** | **२३५३१३** | **९१४** | **१२९** | **१०४३** |

**द्रष्टव्य :** 
- *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ।*
- *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ।*

## जिल्ला विकास समितिको कार्यालय, रोल्पाको एकिकृत आय व्यय विवरण

| आय | रकम | ब्यय | रकम |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | **३४२७९९८८.२२** | **वजेट खर्च** | **५२२९७८०५.१०** |
| राजश्व बांडफांड  मालपोत विद्युत | १२२२५८३१.०० | जिल्ला विकास समिति. अनुदान | ३०१६७८०५.१० |
| आन्तरिक आम्दानी खाता | ५५८०२.७० | गाउ विकास समिति. अनुदान | २२१३००००.०० |
| कर्मचारी कल्याण कोष | १७८३४५.०० | **अन्य कोष खर्च** | **३७८७५०१६.००** |
| मानव संसाधन विशेष कोष | ६९९०००.०० | राजश्व बांडफांड  मालपोत विद्युत | ६१९६८५५.०० |
| मर्मत संभार विशेष कोष | ४५८९३६८.२६ | आन्तरिक आम्दानी खाता | ३०५६९५५.३३ |
| प्रकोप व्यवस्थापन विशेष कोष | १५९३४३३.२० | कर्मचारी कल्याण कोष | २२८५३८१.०० |
| महिला तथा बाल विकास कोष खाता | ३५१०००.०० | मर्मत संभार विशेष कोष | १५७१७२०.०० |
| स्थानीय विकास विशेष कोष | ७०००००.०० | प्रकोप व्यवस्थापन विशेष कोष | १६८९००.०० |
| वातावरणीय व्यवस्थापन विशेष  कोष | ९६१४३७.०० | महिला तथा बाल विकास कोष | २९१५०४.०० |
| गरिवी निवारण तथा सा.प. कोष | ५२०६९०.०० | पश्चिम नेपाल ग्रामिण खा.पा.पूजिगत | ६३६५३१३.०० |
| आवधिक जिल्ला विकास कोष | ६५०४४१.०० | पश्चिम नेपाल ग्रामिण खा.पा.चालु | ७८५०५६९.०० |
| उर्जा विकास विशषे कोष | ६०००००.०० | सडक बोर्ड नेपाल | १४५८३४२.०० |
| भारतीय राजदुतावास सहयोग कार्यक्रम | ७०२०१८१.०० | गरिबी निवारण कोष | ११६६५०.०० |
| यु एन एफ पि. ए. | ४३६३६०.९७ | यु एन एफ पि ए | ४३०२८९५.०० |
| धरौटी | २८७६७५८.०० | कन्टिजेन्सी | ४२०९९३१.६७ |
| पश्चिम नेपाल ग्रामिण खा.पा.चालु | २३५२९६.०९ | **केन्द्रिय राजश्व दाखिला** | **२२४९१६८.५०** |
| सडक बोर्ड नेपाल | ७५०००.०० | **धरौटी खर्च:** | **५७७६७८.००** |
| कन्टिजेन्सी | ५११०४४.०० | **मौज्दात:** | |
| **नेपाल सरकारको अनुदान** | **५२२९७८०५.१०** | वैंक मौज्दात | **४३०९४०३०.४२** |
| जिल्ला विकास समिति. अनुदान (चालु) | ३०१६७८०५.१० | राजश्व बांडफांड  मालपोत विद्युत | १४४६५१९८.३० |
| गाउ विकास समिति. अनुदान (चालु) | २२१३००००.०० | आन्तरिक आम्दानी खाता | २२०७९७.८७ |
| **आन्तरिक श्रोत:** | **११६५८१७२.८०** | कर्मचारी कल्याण कोष | ७९२९६४.०० |
| क) कर दस्तुर सेवा शुल्क र भाडा | ३२२१९५०.५० | मानव संसाधन कोष | १०९९०००.०० |
| ख) राजश्व बा□डफा□डबाट | ८४३६२२२.३० | मर्मत संभार कोष | ५३१७६४८.२६ |
| **अन्य श्रोत:** | **३४८६७६८८.२०** | प्रकोप व्यवस्थापन कोष | १९४७१३३.२० |
| कर्मचारी कल्याण कोष | २९०००००.०० | महिला तथा बाल विकास कोष खाता | ३०९४९६.०० |
| मानव संसाधन विशेष कोष | ४०००००.०० | स्थानीय विकास विशेष कोष | ८०००००.०० |
| मर्मत संभार विशेष कोष | २३०००००.०० | वातावरण विकास कोष | १२११४३७.०० |
| प्रकोप व्यवस्थापन कोष | ५२२६००.०० | गरिवी निवारण तथा सा.प. कोष | ६२०६९०.०० |
| महिला तथा बाल विकास कोष खाता | २५००००.०० | भारतीय राजदुतावास सहयोग कार्यक्रम | ७०२०१८१.०० |
| स्थानीय विकास विशेष कोष | १०००००.०० | आवधिक जिल्ला विकास कोष | ६५०४४१.०० |
| वातावरणीय व्यवस्थापन विशेष  कोष | २५००००.०० | उर्जा विकास विंशषे कोष | १०५२०००.०० |
| गरिवी निवारण तथा सा.प. कोष | १०००००.०० | यु एन एफ पि ए | ४७७६९.५१ |
| उर्जा विकास विंशषे कोष | ४५२०००.०० | धरौटी | ३०३९९५५.२० |
| पश्चिम नेपाल ग्रामिण खा.पा.पूजिगत | ८१९१८८३.७१ | पश्चिम नेपाल ग्रामिण खा.पा.पूजिगत | १८२६५७०.७१ |
| पश्चिम नेपाल ग्रामिण खा.पा.चालु | ९८२६२४१.२९ | पश्चिम नेपाल ग्रामिण खा.पा.चालु | २२१०९६८.३८ |
| सडक बोर्ड नेपाल | १५९१७५५.०० | गरिबी निवारण कोष | ८३३५०.०० |
| यु एन एफ पि. ए. | ३९१४३०३.५४ | सडक बोर्ड नेपाल | २०८४१३.०० |
| गरिबी निवारण कोष | २०००००.०० | कन्टिजेन्सी | १७००१६.९९ |
| कन्टिजेन्सी | ३८६८९०४.६६ | | |
| **केन्द्रिय राजश्व** | **२२४९१६८.५०** | | |
| **धरौटी आम्दानी:** | **७४०८७५.२०** | | |
| **आन्तरिक तर्फको जम्मा** | **१३६०९३६९८.०२** | **आन्तरिक तर्फको जम्मा** | **१३६०९३६९८.०२** |
| **केन्द्रीय कार्यक्रमतर्फको आय** | **४९५१६५८१०.७६** | **केन्द्रीयतर्फको व्यय** | **४९५१६५८१०.७६** |
| **कुल जम्मा** | **६३१२५९५०८.७८** | **कुल जम्मा** | **६३१२५९५०८.७८** |

अनुसूची - ४

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १ | जिल्ला विकास समिति | श्री सुशील बैद्य | श्री खिम बहादुर के.सी |
| २ | जिल्ला शिक्षा कार्यालय | श्री चीरञ्जीवी पौडेल | श्री बिजय कुमार घर्ति मगर |
| ३ | जिल्ला स्वास्थ्य कार्यालय | श्री उमा शंकर प्रसाद चौधरी, भवानी प्रसाद शर्मा | श्री महेन्द्र पुरी |
| ४ | स्थानीय विकास कोषको सचिवालय | श्री दामोदर प्रसाद सुवेदी | श्री दिपेन्द्र घर्ति मगर |
| ५ | दुर्गम क्षत्र बिकास समिति | श्री सुशील बैद्य | श्री खिम बहादुर के.सी |
| ६ | शहिद मार्ग सडक योजना | श्री सुबोध कुमार देबकोटा | श्री टोप बहादुर पार्धे |
| ७ | महिला तथा बालबालिका कार्यालय | श्री लोकेन्दा आचार्य | श्री भरत मणी पोखरेल |
| ८ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | श्री मोहन बहादुर कुँवर | श्री हेमन्तराज आचार्य |
| ९ | मध्यपश्चिमाञ्चल सिँचाइ विकास डिभिजन कार्यालय | श्री रबिनाथ बाबु श्रेष्ठ | श्री डाइमण्ड खड्का |
| १० | शहरी बिकास तथा भवन निर्माण डिभिजन कार्यालय | श्री ईश्वर राज जोशी | श्री झक बहादुर दसौती |
| ११ | जिल्ला प्राबिधिक कार्यालय | श्री केदार शर्मा फुयाल | श्री शिव कमार यादव |
| १२ | जिल्ला आयोजना कार्यालय | श्री केदार शर्मा फुयाल | श्री जय कुमार चन्द |
| १३ | जिल्ला कृषि विकास कार्यालय | श्री किशोर पन्त | श्री नविन कुमार झा |
| १४ | जिल्ला प्रहरी कार्यालय | श्री राम प्रसाद घर्ति | श्री गोविन्द बहादुर नायक |
| १५ | नापी कार्यालय | श्री पुर्ण प्रसाद पाण्डे | श्री वसन्त के.सी |
| १६ | जिल्ला सरकारी वकील कार्यालय | श्री सुवर्णमान बनेपाली | श्री हिमाल घर्ति मगर |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np